# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १५१ | काठमाडौं | आइतबार, ०५ असोज २०८२ | Prabhab National Daily | Sunday, 21 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**मानसिक स्वास्थ्य प्रति सचेत बनौं**

❑ निराश हुनु, ❑ तनाव तथा चिन्तित महशुस हुनु, ❑ बेला बेलामा डर लाग्नु, ❑ बिनाकारण पसिना आउनु, ❑गहिरो निद्रा नपर्नु,
मानसिक रोगका लक्षण हुन
मानसिक समस्या निदानको लागिः
❑ नियमित व्यायाम गरौं, ❑ आफ्ना भावना खुल्ला रूपमा व्यक्त गरौं, ❑ परिवार र साथीह( रूसँग समय बिताऔं, ❑ योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# दसैंको मुखमा प्रमुख राजमार्ग अवरूद्ध, घर जाने यात्रु अलपत्र

- तुइन खोलामा पहिरो झरेको झर्‍यै, यात्रुहरूको विजोग
- देशभरका विभिन्न राजमार्ग अवरूद्ध
- अवरूद्ध राजमार्ग छिटो खुलाउन भौतिक पूर्वाधारमन्त्री घिसिङको निर्देशन



तुइन खोलामा खसेको पहिरोले अवरुद्ध मुग्लिन–नारायणगढ सडकखण्ड ।
*तस्बिरः रासस*



पहिरो झरेको झरेकै भयो । रोकिँदै रोकिएन । हाम्रो टोली पहिरोग्रस्त नजिकै छ । पहिरो रोकिएपछि पन्छाउँछौं ।

**गोविन्द पुरी**
प्रहरी उपरीक्षक, चितवन


■ **प्रभाव संवाददाता**


**काठमाडौं–** दसैंमा घर जानेहरूको भीड काठमाडौंका बसपार्कहरूमा देखिँदा प्रमुख राजमार्गहरू बाढी र पहिरोले अवरुद्ध भएका छन् । राजमार्गहरू अवरुद्ध भएसँगै कतिपय यात्रुहरू बीच बाटैमा अलपत्र परेका छन् । घर जान भनेर बसपार्कमा पुगेका यात्रुहरू रोकिनु परेको छ ।

देशकै सर्वाधिक व्यस्तमध्येमा पर्ने मुग्लिन–नारायणगढ सडकखण्ड पहिरोले अवरुद्ध भएको छ । शनिबार बिहानैदेखि उक्त सडक दुईतर्फी नै बन्द भएको हो । पहिरो खसिरहेका कारण पन्छाएर सवारी सञ्चालन गर्न नसकिएको चितवनका प्रहरी उपरीक्षक (एसपी) गोविन्द पुरीले बताए ।


क्रमशः पृष्ठ २ मा


## यात्रुवाहक सवारी सुरूङमार्गबाट सञ्चालन, दाउन्ने खण्डमा ठूला सवारीलाई रोक

दसैंमा घर जाने यात्रुलाई सहज बनाउन यात्रुवाहक सार्वजनिक सवारीसाधनलाई नागढुंगा-सिस्नेरी सुरुङमार्गबाट चल्न दिइने भएको छ । शनिबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले यात्रुवाहक सार्वजनिक सवारीसाधनलाई उक्त सुरुङमार्ग प्रयोग गर्ने व्यवस्था मिलाउन निर्देशन दिएका हुन् ।

मन्त्रालयको निर्णयमा भनिएको छ, 'काठमाडौं उपत्यकाबाट बाहिर जाने सवारीसाधनहरूमध्ये यात्रुवाहक सार्वजनिक सवारीसाधनहरू सो सुरुङमार्ग (नागढुंगा-सिस्नेरी)बाट बाहिर जाने ।'


क्रमशः पृष्ठ २ मा


# मन्त्री छान्ने अलमलमै प्रधानमन्त्री कार्की

## जेन-जी आन्दोलनको 'म्याण्डेड' पूरा गर्न चुनौती


■ **जेबी योञ्जन**




- मन्त्रिपरिषद्ले पूर्णता नपाउँदा प्रधानमन्त्री कार्कीको काँधमा १५ मन्त्रालयको जिम्मेवारी
- मन्त्रिपरिषद् विस्तारमा ढिलाइ हुँदा कार्की सरकार लक्ष्यमा 'असफल' हुने जोखिम
- मन्त्री छान्न बालुवाटारमा छलफल तीव्र, तर निस्कन सकेन परिणाम

**काठमाडौं–** सुशीला कार्की प्रधानमन्त्री नियुक्त भएको साता दिन बित्दासम्म मन्त्रिपरिषद् अपूर्ण छ । यसबीचमा प्रधानमन्त्री कार्की र जेन-जी नेतृत्वबीच मन्त्रिरिषद्लाई पूर्णता दिनेबारे लगालग छलफल नभएको भने होइन । तर, थप मन्त्री हुनेहरूको नाम टुंगो लागेको छैन ।

उसो त शुक्रबार ऊर्जा, भौतिक पूर्वाधार र सहरी विकासमन्त्री कुलमान घिसिङले छिट्टै मन्त्रिपरिषद्ले पूर्णता पाउने पत्रकारहरूलाई सुनाएका थिए । 'मन्त्रिपरिषद्ले अब चाँडै पूर्णता पाउँछ । प्रधानमन्त्रीले चाँडै गर्छु भन्नुभएको छ,' मन्त्री घिसिङको भनाइ थियो । अर्थमन्त्री रामेश्वर खनालले पनि पत्रकारहरूलाई यही जवाफ दिँदै आएका छन् । त्यसअघि ३१ भदौमा प्रधानमन्त्री कार्कीले नै एक/दुई दिनमा मन्त्रिपरिषद्ले पूर्णता पाउने बताएकी थिइन् ।


तर, मन्त्रिपरिषद्लाई पूर्णता दिन अस्वाभाविक विलम्ब भइरहेको छ । बालुवाटारमा दिनहुँ छलफल भने भइरहेकै छ । छलफल भने परिणाममुखी भएको छैन ।

त्यसो हुँदा कार्कीले १५ वटा मन्त्रालयको नेतृत्व गर्नु परेको छ । हाल उनीमातहत उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि तथा पशुपन्छी विकास, खानेपानी, परराष्ट्र, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, युवा तथा खेलकुद, रक्षा, वन तथा वातावरण, शिक्षा, विज्ञान तथा प्रविधि, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, संघीय मामिला तथा सामान्य प्रशासन, सञ्चार तथा सूचना प्रविधि र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय छन् ।

यति धेरै मन्त्रालयको जिम्मेवारी आफ्नै काँधमा परेपछि प्रधानमन्त्री कार्कीलाई स्वाभाविकरूपमा कार्यसम्पादनमा असहजता हुन्छ । जबकि, आगामी २१ फागुनमा उनको सरकारले प्रतिनिधिसभा चुनाव गर्नुपर्छ । यो जेन-जी आन्दोलनको म्याण्डेट हो । तर, प्रधानमन्त्री नियुक्त भएको साता दिन बित्दासम्म मन्त्रिपरिषद् अपूर्ण छ ।

राजनीतिक विश्लेषक बुद्धछिरिङ मोक्तान मन्त्रिपरिषद्लाई पूर्णता दिन जति ढिला हुन्छ, त्यति नै कार्की सरकार असफल हुने बताउँछन् । उनका अनुसार मन्त्रिपरिषद्लाई पूर्णता दिन ढिला हुँदा चुनाव गर्नदेखि भ्रष्टाचार छानबिनका लागि शक्तिशाली आयोग गठनमा विलम्ब हुन्छ ।


क्रमशः पृष्ठ २ मा

पहिलो, जेन-जी आन्दोलनकारीका मागअनुसार मन्त्री छान्नुपर्ने । दोस्रो, आन्दोलनको पृष्ठभूमिमा रहेर सहयोग गर्ने राजतन्त्रपक्षधरबाट मन्त्री बनाउनुपर्ने । तेस्रो, पुराना दलहरूनिकट रहेर ३०/४० वर्षदेखि प्रशासनिक क्षेत्रमा रहेकाहरूको मन्त्री बन्ने स्वार्थ । यी तीन पक्षलाई मिलाउनु पर्दा पनि कार्की मन्त्रिपरिषद्ले पूर्णता पाउन ढिला भएको देखिन्छ ।

**बुद्धछिरिङ मोक्तान**
राजनीतिक विश्लेषक

**सन्दर्भः वैदेशिक रोजगार**

# साउन–भदौमा रोजगारीका लागि विदेसिए झण्डै डेढ लाख युवा

- सबैभन्दा बढी युएई जान २५ हजार २१८ जनाले लिए श्रम स्वीकृति
- व्यक्तिगत श्रम स्वीकृति लिएर सबैभन्दा बढी रोमानियामा दुई हजार ३४४ जना गएको तथ्यांक
- भदौमा विदेसिनेमा धनुषाबाट सबैभन्दा धेरै तीन हजार ३०३ जना
- सबैभन्दा धेरै श्रमिक पठाउने म्यानपावरमा प्याराडाइज इन्टरनेसनल


■ **प्रभाव संवाददाता**





काठमाडौं- चालु आर्थिक वर्ष २०८२/८३ को सुरुआती दुई महिनामै झण्डै डेढ लाख युवा रोजगारीका लागि विदेसिएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आवको साउन र भदौ महिनामा वैदेशिक रोजगारीमा जान एक लाख ३६ हजार ८२ जनाले श्रम स्वीकृति लिएका छन् ।

विभागका अनुसार भदौ महिनामा विभागबाट ६७ हजार ९७२ जनाले श्रम स्वीकृति लिएका छन् । जसमा ५९ हजार ९२३ जना पुरुष र आठ हजार ४९ जना महिला छन् । यो संख्या व्यक्तिगत, संस्थागत र पुनः श्रम स्वीकृति लिएर जानेहरूको हो । यसअघि साउन महिनामा ६८ हजार ११० जना श्रम स्वीकृति लिएर विदेसिएका थिए । भदौमा यस्तो संख्या करिब डेढ सयले मात्र घटेको हो ।

भदौ महिनामा संस्थागत माध्यमबाट ३३ हजार एक जना, व्यक्तिगत श्रम स्वीकृति लिएर ११ हजार ७७५ जना र श्रम स्वीकृति नवीकरण गरेर २२ हजार २४० जना गएको विभागको तथ्यांकमा उल्लेख छ । यसैगरी, जिटुजीमार्फत ९०१ जना गएका छन् । जसमा ७४५ जना दक्षिण कोरिया र १५६ जना इजरायल गएका हुन् । वैधानिकीकरण प्रक्रियामार्फत ५५ जनाले श्रम स्वीकृति लिएको विभागले उल्लेख गरेको छ ।

विभागको तथ्यांक अनुसार भदौमा विदेसिएकामध्ये ३७ हजार ७० जना दक्ष श्रमिक छन् । जसमा ३१ हजार ९३२ जना पुरुष र पाँच हजार १३८ जना महिला हुन् । यस्तै ११ हजार ४१८ जना अर्धदक्ष, १९ हजार १३५ जना अदक्ष, ११३ जना उच्च दक्ष भएका र २३६ जना व्यावसायिक कामदारका रूपमा जान श्रम स्वीकृति लिएको विभागले जानकारी दिएको छ ।

### प्रमुख पाँच गन्तव्य

गत महिना सबैभन्दा धेरै संयुक्त अरब इमिरेट्स (युएई) गएका छन् । युएईमा २२ हजार ३०० पुरुष र दुई हजार ९१८ जना महिला गरी कूल २५ हजार २१८ जना रोजगारीमा गएका छन् । त्यस्तै दोस्रोमा सबैभन्दा धेरै कतारमा १० हजार ३६९ जना गएका छन् । जसमा नौ हजार ४९२ जना पुरुष र ८७७ जना महिला छन् ।

साउदी अरेबियामा १० हजार १५८ जना पुरुष र ४३ महिला गरी १० हजार २०१ जना, मलेसियामा पाँच हजार १२८ जना र कुवेतमा तीन हजार ६९६ जना गएको विभागले उल्लेख गरेको छ । यो संख्या व्यक्तिगत, संस्थागत र श्रम स्वीकृति नवीकरण गरेर जानेहरूको हो ।

उक्त एक महिनामा संस्थागत माध्यमबाट सबैभन्दा बढी युएईमा १७ हजार ४०६ जना गएका छन् । व्यक्तिगत श्रम स्वीकृति लिएर सबैभन्दा बढी रोमानियामा दुई हजार ३४४ जना गएका छन् ।


क्रमशः पृष्ठ २ मा


# जेन-जी प्रदर्शनमा बालबालिकालाई मानव ढाल बनाउन खोजिएको आशंका

- आन्दोलनका विद्यालय पोसाकमा नै बालबालिका र युवा आन्दोलनमा होमिदासमेत यी बालबालिका र किशोरकिशोरी हुन् भन्ने विषयलाई नजरअन्दाज गरी प्रदर्शनका क्रममा बालबालिकाको अधिकारको गम्भीर उल्लंघन भएको र त्यसले राजनीतिक आन्दोलनका समयमा देशको बाल संरक्षण प्रणालीका कमजोरी उजागर
- बालबालिबकाको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, शारीरिक र मानसिक स्वास्थ्य, शिक्षा, सुरक्षा र संरक्षणका सवालमा सरकार, नागरिक क्षेत्र र अधिकारकर्मीले गम्भीर भएर सोच्नुपर्ने सुझाव


■ **प्रकाश सिलवाल**


**काठमाडौं–** गत भदौ २४ गते दिउँसो करिब १ बजे आसपासमा अमृता (नाम परिवर्तन)लाई फोनमार्फत छोरा विवेक (१७ वर्ष)लाई गण्डकी मेडिकल कलेज अस्पतालमा उपचारका लागि भर्ना गराइएको जानकारी गराइयो । पोखरा महानगरपालिका कार्यालयअगाडि भएको प्रदर्शनका क्रममा विवेक अनुहारमा अश्रुग्यासको सेल लागेर घाइते भएका थिए । उनलाई प्रदर्शनकारीले उद्धार गरी अस्पताल पुऱ्याएका थिए ।

विवेकको अनुहारमा लागेको चोट जटिल प्रकृतिको थियो । यद्यपि अहिले उनको स्वास्थ्य सुधारोन्मुख छ । अस्पतालका नर्सहरूले आमालाई धैर्य राख्न र मनलाई बलियो बनाउन निरन्तर प्रोत्साहन दिइरहेका छन् ।

वर्षौंअघि श्रीमान्सँग छुट्टिएर बसिरहेकी अमृतामाथि तीन छोराहरूको लालनपालनको जिम्मा छ । स्थानीय बजारमा तरकारी बिक्री गर्दै आएकी उनका लागि यो अप्रत्यासित पीडा थियो । 'मैले विवेकजाई प्रदर्शनमा नजान भनेकी थिएँ,' अमृता सम्झिन्छिन्, 'उसले म एक्लै जाने होइन, साथीहरू पनि हुन्छन्, हिजो जे भएको थियो त्यस्तो आज फेरि हुने छैन भन्दै सम्झाएको थियो, तर अहिले यो दुःखद घटना हुन पुग्यो ।'

सेभ द चिल्ड्रेन र बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)ले विभिन्न नागरिक संघसंस्थासँगको परामर्शमा तयार पारेको 'नेपालमा जेन-जी नेतृत्वको राजनीतिक आन्दोलनमा बालबालिका तथा युवाको अधिकार उल्लंघन र तत्कालका आवश्यकताहरूको द्रुत मूल्यांकन प्रतिवेदन'ले यस्तै मार्मिक विवरण र अवस्थालाई बाहिर ल्याएको छ ।

जेन-जी समूहले सामाजिक सञ्जाल नियन्त्रण र भ्रष्टाचारविरुद्ध सरकारको जवाफदेहिता तथा पारदर्शिता माग गर्दै गत भदौ २३ मा सडकमा प्रदर्शन सुरु गरेका थिए । शान्तिपूर्ण भनिएको प्रदर्शनमा राज्यको अत्यधिक बल प्रयोगका कारण हिंसात्मक बन्न पुग्यो र सोही दिन १९ जनाको मृत्युसमेत भयो । यस दुःखद घटनाको प्रतिक्रियास्वरूप भोलिपल्ट भदौ २४ गते प्रदर्शनले झन उग्ररूप लियो ।


क्रमशः पृष्ठ २ मा





सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार

HARDIK
IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

पृष्ठ १ बाट क्रमश:

## जेन-जी प्रदर्शनमा...

प्रदर्शनमा केहीले घूसपैठ भएको आरोप पनि लगाए । उक्त प्रदर्शनममा हालसम्म मृत्यु हुनेको संख्या अहिले ७४ पुगिसकेको छ भने करिब दुई हजार घाइते भएका छन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा आइसकेपछि पनि आगजनी र लुटपाटका घटना नरोकिनुले जेन-जीलाई कतै केवल मानव ढालमात्र बनाइएको त थिएन ? भन्ने प्रश्न उक्त प्रतिवेदनमाथिको शनिबारको छलफलमा अधिकारकर्मीले उठाएका छन् ।

आन्दोलनका विद्यालय पोसाकमा नै बालबालिका र युवा आन्दोलनमा होमिदासमेत यी बालबालिका र किशोरकिशोरी हुन् भन्ने विषयलाई नजरअन्दाज गरी प्रदर्शनका क्रममा बालबालिकाको अधिकारको गम्भीर उल्लंघन भएको र त्यसले राजनीतिक आन्दोलनका समयमा देशको बाल संरक्षण प्रणालीका कमजोरी उजागर गरेको प्रतिवेदनले औंल्याएको छ ।

सिजपका अध्यक्ष तिलोत्तम पौडेलले बालबालिका र युवालाई टाउको, छाती र पेटमा गोली हानिएको तथा बालबालिकालाई हिरासतमा लिइएको, यातना दिइएको र अश्रुग्यास प्रहार गरी हानि पुर्‍याइएको कार्यले नेपालको संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, यातनाविरुद्धको महासन्धि, नेपालको संविधानको धारा, ३९ लगायत बालबालिकासम्बन्धी ऐन-निर्देशिका स्पष्टरूपमा उल्लंघन भएको बताए । अध्यक्ष पौडेलले आन्दोलनको समग्र प्रभावबारे विस्तृत अध्ययनको खाँचो औंल्याए ।

प्रतिवेदनले प्रभावित बालबालिका र परिवारको स्वास्थ्य, मनोसामाजिक, सुरक्षा, कानुनी र शैक्षिक क्षेत्रमा तत्काल विभिन्न आवश्यकता सिफारिस गरेको छ । बालबालिकाले सुनाएका कुराहरूले उनीहरूमा गहिरो मानसिक आघात, भविष्यमा हिंसा होला भन्ने डर, निराशा र राज्य संस्थाप्रतिको असन्तोषलाई देखाएको सिजपका महासचिव राजु घिमिरेले बताए ।

'राज्यका सुरक्षाकर्मीबाट अत्यधिक बल प्रयोग गरिएको देखिएको छ । यसले बाँच्न पाउने, संरक्षण हुन पाउने अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने अधिकार र स्वेच्छाचारी गिरफ्तारी तथा हिंसाबाट सुरक्षा पाउनेलगायतका आधारभूत मानवअधिकार उल्लंघनबारे गम्भीर चिन्ता उत्पन्न गरेको छ,' प्रतिवेदनमा भनिएको छ, 'यी कार्यहरूले बालबालिकामाथि अत्यन्त गहिरो असर पारेका छन् । संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धिअन्तर्गतका अधिकारहरू- विशेषगरी धारा १३ मा सुनिश्चित गरिएको अभिव्यक्तिको स्वतन्त्रतालाई अवमूल्यन गरेको छ ।'

आन्दोलनको समयमा देशभरका २९ कारागारमा रहेका १५ हजार ८८३ कैदीमध्ये १२ हजार ४९६ भागेका थिए । अहिलेसम्म केवल एक हजार ६९ फर्किएका छन् भने बाँकी ११ हजार ४७० कैदी अझै पनि फरार अवस्थामा रहँदा यसले सार्वजनिक सुरक्षामा ठूलो जोखिम सिर्जना गरेको र कारागार व्यवस्थापन तथा सुरक्षामा गम्भीर कमजोरी उजागर गरेको प्रतिवेदनमा जनाइएको छ ।

यस्तै देशभरका छ बाल सुधारगृहबाट ६१८ बालबालिका फरार भए, जसमा २२ ९ जनामात्र फर्किएका छन् । ३९८ जना बालबालिका अझै सम्पर्कविहीन भएका छन् । यसले बालसुरक्षा, पुनर्स्थापना र सुरक्षित वातावरणबारे तत्काल ध्यान दिनुपर्ने देखाएको छ । राष्ट्रिय मानवअधिकार आयोगका सहसचिव नवराज सापकोटाले आन्दोलन र घटनाबारे आयोगले समग्र मानसिक स्वास्थ्यको चिन्ता बालबालिका र सबैमा भएकाले यसका दीर्घकालीन असरबारेसमेत अध्ययन हुनुपर्ने बताए । उनले आन्दोलनमा भएको मानवअधिकार उल्लंघनबारे आयोगको समग्र प्रतिवेदन चाँडै सार्वजनिक हुने बताए ।

राष्ट्रिय बालअधिकार परिषद्का पूर्वकार्यकारी निर्देशक तारक धितालले बाल संरक्षणविनाको बाल सहभागिता हुन नसक्ने भएकाले सुसूचना, सहभागिता, स्वसंरक्षण र स्वअनुशासनमा ध्यान दिइए बालबालिकाको पढाइ, सीप, आचरण र मानवअधिकारको सम्मानका लागि प्रभावकारी अनुगमन हुनुपर्ने बताए ।

परिषद्का पूर्वकार्यकारी निर्देशक मिलन धरेलले निवर्तमान प्रधानमन्त्री ओलीले भदौ २३ गतेको घटनामा प्रहरीसँग नभएका गोली प्रहार भएको भन्ने सार्वजनिक अभिव्यक्ति आएकाले बालबालिका र युवालाई कतै मानव ढाल बनाइएको त होइन भन्ने कोणबाट पनि छानबिन हुनुपर्ने धारणा राखे । महिला र बालबालिकामाथिको हिंसाविरुद्धको 'नेसनल एक्सन एण्ड कोअर्डिनेसन ग्रुप'की अध्यक्ष ऋतु भट्टराईले मुलुकमा सबै गलत छन् भन्ने भाष्य नयाँ पुस्ता परेकामा घरपरिवाभित्र यथार्थ अवस्थाबारे छलफल गर्न र बाल संरक्षण संयन्त्र प्रभावकारी बनाउनुपर्नेमा जोड दिइन् ।

बालबालिबकाको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, शारीरिक र मानसिक स्वास्थ्य, शिक्षा, सुरक्षा र संरक्षणका सवालमा सरकार, नागरिक क्षेत्र र अधिकारकर्मीले गम्भीर भएर सोच्नुपर्ने सुझाव दिँदै छलफलमा सहभागीहरूले बालबालिका र युवाहरूमाथि अत्यधिक बल प्रयोग बन्द गर्न र त्यस्तो गर्नेमाथि निष्पक्ष छनबिन गरी कारबाही गर्न आग्रह गरेका छन् ।

यस्तै पीडितका लागि चिकित्सा, कानुनी र मनोसामाजिक सहयोगको प्रत्याभूति गर्न, लैंगिक हिंसाको उजुरी र सहायता संयन्त्रलाई सुदृढ बनाउन, सञ्चारमाध्यम र सामाजिक सञ्जालबाट सचेतना फैलाउन, प्रभावित बालबालिकाका लागि प्रेषणमार्गहरू सुदृढ बनाउन सिफारिस गरिएको छ । रासस

■■■

## दसैंको मुखमा...

'पहिरो झरेको झरेकै भयो । रोकिँदै रोकिएन । हाम्रो टोली पहिरोग्रस्त नजिकै छ,' उनले प्रभावसँग भने, 'पहिरो रोकिएपछि पन्छाउँछौं ।' उनले आज (आइतबार) मध्याह्न १२ बजेअघि पहिरो पन्छाएर सवारी सञ्चालन गर्न मुस्किल पर्ने बताए । पहिरो खसेको क्षेत्र चितवनको इच्छाकामना गाउँपालिकास्थित तुइन खोलामा हो । त्यहाँ शुक्रबारदेखि नै पहिरो खसिरहेको हो । पहिरो खसिरहेपछि सडक अवरुद्ध हुँदा यात्रुवाहक तथा मालवाहक सवारीसाधनहरू बाटोमा अलपत्र परेका छन् । अलपत्र यात्रुहरूलाई शनिबार दिउँसो जिल्ला प्रशासन कार्यालय र प्रहरीले पानी र खानाको व्यवस्था गरेको एसपी पुरीले बताए ।

अविरल वर्षापछिको बाढीपहिरोले मुग्लिन-नारायणगढ सडकमात्रै होइन, देशका विभिन्न मुख्य राजमार्गहरू पनि अवरुद्ध भएका छन् । कोशी राजमार्गको संखुवासभास्थित भोटखोला गाउँपालिका-४ बरुण र मकालु गाउँपालिका-३ एकुवामा अविरल वर्षापछि सडक पूर्णरूपमा बिग्रिएको छ । सिद्धिचरण लोकमार्गको उदयपुरको कटारी नगरपालिकारू-८ को सिरिरेमा पहिरोले सडक पूर्वरूपमा अवरुद्ध छ ।

साउनको २४ गते रसुवाको गोसाइँकुण्ड गाउँपालिका-२ मा पर्ने नेपाल-चीन जोड्ने पुल बाढीले बगाए पनि अझै पुनर्निर्माण हुन सकेको छैन, जसले गर्दा अझैसम्म पूर्णरूपमा यो सडक अवरुद्ध छ । अरनिको राजमार्गअन्तर्गत सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-२ मा पर्ने कोदारी र सोही गाउँपालिकाको वडा नम्बर ४ स्थित डाक्लाङमा पहिरोका कारण सडक पूर्णअवरुद्ध रहेको सडक विभागले जानकारी दिएको छ ।

दसैंको मुखमा मुख्य राजमार्ग नै अवरुद्ध भएपछि शनिबार दिउँसो भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा छलफल भयो । भौतिक पूर्वाधारमन्त्री कुलमान घिसिङले राजमार्ग खुलाउन र वैकल्पिक व्यवस्थासमेत गराउन सम्बन्धित निकायलाई निर्देशन दिएको उनको सचिवालयले जानकारी दिएको छ ।

■■■

## यात्रुवाहक सवारी...

मन्त्री घिसिङले चौबिसै घण्टा यात्रुलाई सडक अवस्थाबारे जानकारी दिन र गुनासो सुन्न तथा त्यसको व्यवस्थापनका लागि निर्देशन दिए । त्यसैगरी बाढीपहिरोले अवरुद्ध सडकहरू तत्काल सञ्चालनमा ल्याउन पनि निर्देशन दिएका छन् । आम नागरिकहरूलाई मौसम र सडकको अवस्था बुझेर मात्र यात्रा गर्न अनुरोध गर्दै सार्वजनिक सूचना जारी गर्ने निर्णयसमेत भएको छ ।

मुलुकभरिको सडकहरूको अवस्था र सुरक्षालाई व्यवस्थित गर्न २४ घण्टा नै सञ्चालन हुनेगरी 'फोकल पर्सन' समेतको व्यवस्थापन गर्न/गराउन सडक विभागलाई निर्देशन दिइएको छ ।

### दाउन्ने खण्डमा ठूला सवारीलाई रोक

बुटवल-नारायणघाट सडकको दाउन्ने खण्डमा दसैं अवधिमा ठूला भारवाहन (१२ चक्के र सोभन्दा माथि) सवारीसाधन सञ्चालन नहुने भएको छ । भौतिक पूर्वाधार तथा यातायातमन्त्री घिसिङको अध्यक्षतामा शनिबार बसेको बैठकले दसैंको अवधिभर यात्रुवाहक सवारीहरूको चाप बढ्ने हुँदा ठूला भारवाहन सवारीलाई सञ्चालनमा रोक लगाउने निर्णय गरेको हो । यद्यपि, बैठकले खाद्यान्नलगायतका अत्यावश्यक सामाग्रीहरू ढुवानी गर्ने सवारीसाधनलाई भने सञ्चालनमा रोक नलगाउने निर्णय गरेको यातायात व्यवस्था विभागले जानकारी दिएको छ ।

■■■

## मन्त्री छान्ने...

जबकि, जेन-जी आन्दोलनको दुईवटा म्याण्डेट चुनाव र भ्रष्टाचारीको सम्पत्ति छानबिन हो । मन्त्रिपरिषद्लाई पूर्णता दिन ढिलाइ गर्दा यी दुई म्याण्डेट पूरा गर्न असम्भव हुने मोक्तानको विश्लेषण छ ।

उनले मन्त्रिपरिषद्लाई पूर्णता दिन ढिलाइ हुनुमा तीन कारण भएको विश्लेषण गरे । पहिलो, जेन-जी आन्दोलनकारीका मागअनुसार मन्त्री छान्नुपर्ने । दोस्रो, आन्दोलनको पृष्ठभूमिमा रहेर सहयोग गर्ने राजतन्त्रपक्षधरबाट मन्त्री बनाउनुपर्ने । तेस्रो, पुराना दलहरूनिकट रहेर ३०/४० वर्षदेखि प्रशासनिक क्षेत्रमा रहेकाहरूको मन्त्री बन्ने स्वार्थ । यी तीन पक्षलाई मिलाउनु पर्दा पनि कार्की मन्त्रिपरिषद्ले पूर्णता पाउन ढिला भएको मोक्तानको विश्लेषण छ ।

प्रधानमन्त्री कार्की राजनीतिक दलमा आबद्ध नभएकाहरूलाई मन्त्री बनाउने पक्षमा छिन् । किनभने उनी नागरिक सरकारको प्रधानमन्त्री हुन् । त्यसो हुँदा दलबाहिरका स्वतन्त्र विज्ञ र प्रतिष्ठित व्यक्तिहरूलाई मन्त्री बनाउन उनी चाहन्छिन् । मन्त्रिपरिषद्मा आदिवासी जनजाति, महिला, दलित, पिछडिएको क्षेत्रलगायत सबैलाई मिलाएर प्रतिनिधित्व गराउने उनको भनाइ छ ।

हाल उनको मन्त्रिपरिषद्मा आदिवासीबाट ऊर्जा तथा भौतिकमन्त्री घिसिङ छन् । खस-आर्य समुदाय तथा महिलाबाट प्रधानमन्त्री कार्की स्वयं छिन् । यही समुदायबाट अर्थमन्त्री खनाल र गृह तथा कानुनमन्त्री अर्याल छन् । त्यसो हुनाले दलित, मधेसी, मुस्लिम, थारुसँगै पिछडिएको क्षेत्रबाट प्रतिनिधित्व हुनेगरी मन्त्री छान्नुपर्ने दायित्व कार्कीसामु छ । त्यसका लागि कार्कीले आफूहरूसँग सहकार्य गरिरहेका व्यक्तिहरूसँगको सल्लाहमा नयाँ मन्त्रीहरू चयन गरिने बताएकी छन् ।

कार्की मन्त्रिपरिषद्मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री क्याप्टेन विजय लामा हुने चर्चा छ । उनी नेपाल एयरलाइन्सका वरिष्ठ क्याप्टेन हुन् । ४० वर्षदेखि जहाज उडाउँदै आएका लामा साहसी, आँटिला र मानवता भएको विमान चालकका रूपमा चिनिन्छन् । उनी अभिनेतासमेत हुन् । लामासँगै सम्भावित मन्त्रीका रूपमा पूर्वसचिव उमेश मैनाली, बालानन्द शर्मालगायतको नाम पनि चर्चामा छ ।

कार्की गत २७ भदौमा प्रधानमन्त्री नियुक्त भएकी हुन् । उनले ३० भदौमा घिसिङ, खनाल र अर्याललाई समेटेर सानो आकारको मन्त्रिपरिषद् विस्तार गरेकी थिइन् । यतिबेला मन्त्रिपरिषद्लाई पूर्णता दिन मन्त्रीद्वय घिसिङ र अर्याल तथा हालै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) छाडेकी पूर्वशिक्षामन्त्री सुमना श्रेष्ठ, डा. अभिषेकराज सिंहलगायत सक्रिय रहेको बताइन्छ । उनीहरूले मन्त्री हुनेहरूको नाममा छलफल गरिहेको बताइएको छ ।

यसअघि ख्यातीप्राप्त नेत्ररोग विशेषज्ञ डा. सन्दुक रुइतले स्वास्थ्य तथा जनसंख्यामन्त्री हुन अस्वीकार गरेका थिए । तिललंगा आँखा प्रतिष्ठानमै आएर रुइतलाई प्रधानमन्त्री कार्कीले मन्त्री बन्न आग्रह गरेकी थिइन् । तर, डा. रुइतले अस्वीकार गरे ।

■■■

## साउन-भदौमा...

त्यस्तै, श्रम स्वीकृति नवीकरण गरेर सबैभन्दा बढी छ हजार ४४० जना कतार गएको तथ्यांक छ । सो अवधिमा सबैभन्दा धेरै धनुषाबाट तीन हजार ३०३ जना विदेसिएका छन् । त्यसपछि झापाबाट तीन हजार ६३, मोरङबाट दुई हजार ७९३, सिरहाबाट दुई हजार ५१३ जना र महोत्तरीबाट दुई हजार ६०६ जना रोजगारीमा गएका छन् । सबैभन्दा कम भने मुस्ताङबाट २५ जनामात्र गएका छन् ।

भदौमा श्रमिकहरू रोजगारीका लागि विभिन्न ९८ मुलुकमा गएको विभागको तथ्यांकमा उल्लेख छ । जसमध्ये म्यानपावर व्यवसायीले १४ वटा मुलुकमा श्रमिक पठाएका छन् । व्यक्तिगत श्रम स्वीकृति लिएर भने ८६ वटा देशमा गएका छन् । त्यस्तै श्रम स्वीकृति नवीकरण गरेर ७४ वटा मुलुकमा गएका छन् ।

उक्त तथ्यांकअनुसार ७२ वटा मुलुकमा १०० जनाभन्दा कम श्रमिक गएका छन् । विभिन्न २० वटा मुलुकमा एक जनामात्र कामदार गएका छन् । भदौ महिनामा सबैभन्दा धेरै ८२१ जना श्रमिक प्याराडाइज इन्टर नेसनल म्यानपावर कम्पनीले पठाएको छ । ५३ वटा म्यानपावर कम्पनीले एक जनामात्र श्रमिक पठाएका छन् ।


**Narpa Bhumi Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chyankhu, Manang**
**Gandaki Province, Nepal**

**Invitation for Sealed Quotation**

**(First date of Publication: 2082/06/05 (21 september 2025)**

Narpa Bhumi Rural Municipality, Office of the Rural Municipal Executive, Chyankhu, Manang Invites the sealed quotation from eligible bidders for the construction of projects mentioned below. All other information and Bid Documents can be obtain at office. Interested eligible bidders are requested to submit sealed quotation document as per instruction within the mentioned period.

| S.N. | Name of Project | Contract ID | Cost of Bid Document (NRs) | Estimated cost (NRs) (Including VAT & PS) | Bid Security Amount (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Library Nirman | NBRM-WORKS/ SQ/01/082-083 | 1,000.00 | 1930753.52 | 50000.00 | |
| Last date of bid submission: 5 october 2025 (2082/06/19) | | | | | | |
| Bid Opening Date: 6 October 2025, (2082/06/20) | | | | | | |

Information to Deposit the cost of bidding document and bid security in Bank.

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| Name of the Bank: **Nepal Bank Ltd., Narphu Branch, Manang,** Name of Office: **Narpa Bhumi Rural Municipality, Chyankhu, Manang, Nepal** Office Code no. :80440502300 Office Account no.: **26503000001001000001** Rajaswa (Revenue) Shrishak No.:-14229 | Name of the Bank: **Nepal Bank Ltd., Narphu Branch, Manang, Nepal** Name of Office: Narpa Bhumi Rural Municipality, Chyankhu, Manang, Nepal Office Code no.: 80440502300. Office's Account No.:- **26503000003000000001** |

***Chief Administrative Officer***



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८२/०२/०८ मा दर्ता भएको **प्रा. लि. नं. २१७५७३** को **प्रिन्सेस डेरी प्रोडक्ट्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिवर्तनको गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०८२/०६/०५**

**यस कम्पनीको मिति २०८२/०५/१८ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी नारंग हस्पिटालिटी प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल, अचल, सम्पत्ति तथा तिर्नु ब्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने ब्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/३० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी नारंग भेन्चर्स प्रा.लि. (द.नं. २१५७१६) कायम गरिएको ब्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।**



**Invitation for Bids**

**Bardagoriya Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Muda, Kailali**

First Date of Publication: **July 24 , 2025 (2082/04/08) (Only for contract No.02 to 04)**
Second Date of Publication**: Sept 21 , 2025 (2082/06/05) (First Date of Publication for contract No. 05)**

Bardagoriya Rural Municipality, Office of the Municipal Executive invites online bids from eligible bidders for the Collection of Revenue and Notice Publication at Bardagoriya Rural Municipality for works as mentioned below.

| S.N. | Contract Identification Number | Description of Work | Total Estimated River Based Material in Cum | Total Estimated Amount excluding VAT (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|---|
| 1. | 02/BRM/NCB/ R/2082/083 | Collection of Revenue from River Bed Material at ward no 2, Bardagoriya Rural Municipality, Kailali | 31,627.70 | 67,01,909.63 | 5 % of Bid Amount | 3000/- |
| 2 | 03/BRM/NCB/ R/2082/083 | Collection of Revenue from River Bed Material at ward no 3, Bardagoriya Rural Municipality, Kailali | 35,414.80 | 75,04,396.12 | 5 % of Bid Amount | 3000/- |
| 3 | 04/BRM/NCB/ R/2082/083 | Collection of Revenue from River Bed Material at ward no 1 and 6, Bardagoriya Rural Municipality, Kailali | 24,881.20 | 52,72,326.28 | 5 % of Bid Amount | 3000/- |
| 4 | 05/BRM/SQ/ 2082/083 | Publication of Notice in National Daily Class 'A' Newspaper. | - | 1061.95 (Per CC) | - | 1000/ |

**Note:- Hardcopy is Not Acceptable.**

1. Bidder must submit their bid electronically and may download/submit the bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as mentioned below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank : NIC Asia Bank, Bauniya, Kailali.
   Name of Office : Bardagoriya Rural Municipality
   Office Account no. : 0952050028226002 **( For Deposition of Bid Document )**
   9541498687524004 (Dharauti Khata) Ga-3 **( In Case of Bid Security Amount Deposition ).**
2. Pre-bid meeting shall be held at Bardagoriya Rural Municipality, Office at 2:00 pm on **2082/06/12 (Sept 28, 2025). Deadline of Submission of bid to this office Shall be** on or before 12:00 Noon on 2082/06/20 (Oct 06, 2025) through PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bids received after this deadline will be rejected
3. Eligible and interested bidders may obtain further information and inspect the Bidding Documents at Bardagoriya Rural Municipality office, Kailali, Email: bardagoriyagaupalika2017@gmail.com, Phone no. 9868755605 / 9858426900 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

***Chief Administrative Officer***



**कतारमा रोजगार** कम्पनी : KB HOME CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०६/०३ LT. No. 331309 चलानी नं. ६०२४५०५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASONS | 3 | 0 | 1200 | ४६,४५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1500 | ५८,०६४ | | | | | | | |
| 3 | PAINTER | 3 | 0 | 1200 | ४६,४५१ | | | | | | | |
| 4 | Receptionist | 0 | 1 | 1200 | ४६,४५१ | | | | | | | |
| 5 | Skilled Building Worker | 3 | 0 | 1000 | ३८,७०९ | | | | | | | |
| 6 | WELDER | 3 | 0 | 1200 | ४६,४५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १२ गते (28th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NEPAL HR SOLUTION PVT. LTD.**
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com
LIC No. 1082/073/74



**मलेसियामा रोजगार** कम्पनी : Z&Z FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/०३ LT. No. 331306 चलानी नं. ६०२४५०४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 45 | 0 | 1700 | ५६,९४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १२ गते (28th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RAJ GROUP
**Raj Group Of Company Pvt.Ltd.**
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

# दसैंको सामग्री बनाउन व्यस्त भक्तपुरका कुमालेहरू



**भादगाउँ–** सूर्यविनायकको श्याम प्रजापतिको परिवार यतिबेला दसैंका लागि माटोको सामग्री तयार गर्न निकै व्यस्त छन् । बिहानदेखि बेलुकीसम्म फुर्सद छैन । नजिकिँदै आएको दसैंका कारण रातिसमेत काम गर्नुपर्ने व्यस्तता छ ।

दसैंको घटस्थापनादेखि सप्तमी, महाअष्टमी, महानवमी र बडादसैंको दिन पूजा गर्न आवश्यक पर्व सामग्रीहरू बनाउन अहिले उनको परिवारलाई भ्याइनभ्याइ भएको हो । 'दसैं आइसक्यो । अर्डरको सामान बनाउन अझै बाँकी छ । श्यामले भने, 'अहिले परिवारका सबै सदस्यहरू यसै काममा व्यस्त छन् । छोराछोरी बिहान र स्कुल छुट्टीपछि यसै काममा व्यस्त छन् ।'

श्यामका बुबाआमा, श्रीमती, बहिनी, छोराछोरीहरू घटस्थापनामा पूजा कोठामा राख्ने गमला, सानो घ्याम्पो, धुपौरो, दूध राख्ने गपचा, जाँड राख्ने थापेङ र सोमा, रक्सी खाख्ने अङ्ती, दूध पतु, सुकुना, गपचा, समेबजी खोला, सल्लीलगायतका सामग्री बनाउनमा व्यस्त छन् । दसैंमा जमरा राख्ने ढुकुटी कोठामा देवी दुर्गाको पूजाका लागि माटोले बनेका सामग्रीको बढी प्रयोग हुने भएकाले बजारमा यसको माग उच्च छ । यही माग धान्न अहिले श्यामका परिवारका सदस्यहरू माटो मुछ्ने, भाँडा बनाउने, सुकाउने, रङ लगाउने, आगोमा राख्नेदेखि सम्पूर्ण तयारी गरी बजार लाने काममा व्यस्त छन् ।

त्यसैगरी भक्तपुरको तालाक्को टोलका अर्को व्यवसायी सुन्दर प्रजापतिलाई पनि यतिबेला भ्याइनभ्याइ छ । बिहान उठेदेखि दसैंको अर्डरका लागि आएको सामग्री बनाउने कार्यमा व्यस्त छन् । दसैं र तिहारको समयमा अर्डर आएका पर्व सामग्री मागअनुसार समयमा पुऱ्याउन सके वर्ष दिनका लागि घर चलाउन र बच्चाहरूको स्कुलको खर्च सजिलै पुग्ने, अरु बेला त्यति धेरै व्यस्त हुन नपर्ने सुन्दर बताउँछन् । उनले भने, 'यो समयमा उपत्यकालगायत बाहिरी जिल्लाहरूबाट अर्डर आएका पर्व सामग्रीहरू समय पुऱ्याउन सके खासै अरु बेला व्यस्त हुन पर्दैन । यसैले वर्ष दिनमा खान, लाउन र छोराछोरीको खर्च पुग्छ । हामीले बढी दुःख गर्ने भनेको दसैं, तिहार र छठका लागि तीन महिना हो । अरु बेला फुर्सदमा काम गरे पनि खासै फरक पर्दैन । यतिले वर्षदिन गुजारा गर्न सहज हुन्छ ।'

बजारमा विभिन्न आधुनिक सामान भए पनि पर्वको समयमा माटोको सामग्री बढी प्रयोग हुने भएकाले पनि यसको व्यापार निकै फस्टाउँदै गएको व्यापारीहरू बताउँछन् । यस व्यवसायमा लागत र परिश्रमअनुसार बढी आम्दानी हुने भएकाले पेसाप्रति नयाँ पुस्ताकाहरू आकर्षित भएका देखिन्छन् ।

भक्तपुरमा दुई रूपैयाँ ५० पैसादेखि ९०० रूपैयाँसम्मका सामग्री उत्पादन हुन्छ । चाडपर्वको समय भक्तपुरको तालक्को र सूर्यविनायकको मात्र नभएर सूर्यमढी, लिवाली, तुमुचो, बुलुचा, घलाटे, चोलिँचा, च्याम्हासिहं र कुम्हालेहरूको परिवारका सदस्यहरू समेत पर्व सामग्री बनाउने कायमा व्यस्त देखिन्छ । यो सयम अधिकांश कुम्हाले परिवारका सदस्यहरू भाँडा बनाउने, सुकाउने, रङ लगाउने, बुट्टा राख्ने, मिलाएर बजार पठाउने कार्यमा व्यस्त छन् ।

भक्तपुरमा उत्पादन गर्ने पर्व सामग्रीहरू नवदुर्गा देवगृह, तलेजु मन्दिर, एकान्त कुमारीको देवगृह, भक्तपुर नगर, काठमाडौं, ललितपुर, पनौती, त्रिशूली, पोखरा, कीर्तिपुर, थेचो, बनेपा, धुलिखेलसम्म पुग्ने व्यवसायी सुन्दर प्रजापतिले जानकारी दिए । *रासस*

# जेन–जी आन्दोलनमा गएका थुक्तेन ११ दिनदेखि बेपत्ता

■ **दाने बोहरा**




**सिमकोट (हुम्ला)–** हुम्ला घर भएका हाल काठमाडौंमा बस्दै आएका थुक्तेनपाल्वर तामाङ ११ दिनदेखि बेपत्ता भएका छन् । काठमाडौंमा भदौ २४ भएको जेन-जी आन्दोलनमा सहभागी भएका हुम्लाको नाम्खा गाउँपालिका-३ को खगालगाउँ स्थायी घर भएका हाल काठमाडौंको तीनचुलीमा बस्दै आएका थुक्तेन ११ दिनदेखि बेपत्ता भएका हुन् ।

गत भदौ २३ गते जेन-जी प्रदर्शनमा सहभागी भएर उनी कोठा फिर्ता भएको बुबा टसीछिरिङले बताए । होटलमा काम गर्दै आएका थुक्तेन २४ गते बिहानी सिफ्टको काम सकाएर दिउँसो २:०० बजे कोठामा आएर प्रदर्शनमा गएका थिए । पछिल्लो दिनको जेन-जी प्रदर्शनमा गएको दिनदेखि थुक्तेन कोठा फिर्ता नभएको बुबा टसीछिरिङले बताए । ११ दिनसम्म काठमाडौंका विभिन्न ठाउँहरूमा खोजी कार्य गर्दा कतै नभेटिएको बताइएको छ ।

बौद्धमा भएको आन्दोलनमा सहभागी हुन कोठाबाट निस्केका छोरा त्यसपछि भने बेपत्ता भएको बुबाले बताए । जेन-जी प्रदर्शनमा निस्केर बेपत्ता भएको छोराको खोजी गरिदिन उनले आग्रह गरे । उनका दुई छोरामध्ये बेपत्ता भएको छोरा कान्छो हुन् ।

हुम्लाका युवा जेन-जी प्रदर्शनमा गएर बेपत्ता भएपछि नाम्ख्योम हुम्ला बौद्ध समाजका अध्यक्ष अंगबहादुर लामाले एक सूचना निकालेर खोजीका लागि आग्रह गरेका छन् । समाजका तर्फबाट बुधबार ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङलाई ज्ञापनपत्र बुझाएर खोजी गर्न आग्रह गरिएको अध्यक्ष लामाले बताए । २४ वर्षका लामा नारायनथान गुम्बामा लामा ज्ञान अध्ययन सकाएर हाल तीनचुलीमा कोठा लिएर भतिजोसँग बस्दै आएको उनका बुबाले जानकारी दिए । *रासस*

# नयाँबसपार्कमा यात्रुको निःशुल्क स्वास्थ्य परीक्षण

**काठमाडौं (प्रस)–** गोंगबुस्थित नयाँबसपार्कमा चाडपर्वमा घर जाने यात्रुको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको छ । काठमाडौं महानगरपालिकाले यात्रु सहायताकक्षबाटै निःशुल्क स्वास्थ्य परीक्षण सुरु गरेको हो ।

काठमाडौं महानगरपालिका स्वास्थ्य सेवा विभागका सिनियर अहेव दमनबहादुर नेगीले चाडपर्वमा घर जाने यात्रुलाई लक्षितगरी निःशुल्क स्वास्थ्यजाँच सुरु गरेको जानकारी दिए । महानगरपालिकाले उक्त कक्षबाट रक्तचाप र मधुमेह परीक्षण, झाडापखालाको औषधि वितरण गरिरहेको सिअहेव नेगीले बताए । उक्त सेवा दसैंभरि सञ्चालन हुने महानगरपालिकाले जानकारी दिएको छ ।

उक्त कक्षको शनिबार काठमाडौं महानगरपालिका-२६ का वडाध्यक्ष ख्यामराज तिवारी र काठमाडौं महानगरका प्रहरी प्रमुख राजुनाथ पाण्डेले शुभारम्भ गरे । नयाँबसपार्कमा हुने भीडभाड नियन्त्रणका लागि महानगर प्रहरीसमेत परिचालन गरिएको छ । उक्त प्रहरीले भीडभाड नियन्त्रणका साथै यात्रुहरूलाई सहजरूपमा गन्तव्यस्थलसम्म पुग्नका लागि सहजीकरण गर्ने छ ।

नयाँ बसपार्क सञ्चालन गरेको ल्होत्से बहुउद्देश्यीय प्रालिका मानव संसाधन प्रमुख पंकज मल्लले नयाँबसपार्कमा चाडपर्वका लागि घर जाने यात्रुहरू बढेको बताए । उनले अरू समयमा प्रत्येक दिन चारदेखि पाँच हजार यात्रु जाने गरेकामा हाल उक्त संख्या तेब्बरसम्म पुगेको बताए ।


## के. आई. सिंह गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**वायल, डोटी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०६/०५)**

के. आई. सिंह गाउँपालिकाको देहाय बमोजिम ठेक्काको लागि शिलबन्धी बोलपत्र माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहायको ठेक्काको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम २ बमोजिम सबै योग्य बोलपत्रदाताहरूका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल (www.bolpatra.gov.np/egp) मार्फत बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको नाम | जम्मा लागत अनुमान (भ्याट सहित) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| 01/SQ/GOODS/ KISRUM/2082/083 | Procurement of medicine and surgical equipment | 24,63,961/- | 60000/- | 1000\|- |

**प्रमुख प्रशासकीय अधिकृत**


# चाडपर्व लक्षित बजार अनुगमन गर्दै काठमाडौं महानगर



**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका (कामपा)ले यही सातादेखि चाडपर्व लक्षित बजार अनुगमन गर्ने जानकारी दिएको छ । गत भदौ २३ र २४ गते देशभर भएका जेन-जी आन्दोलनका कारण एक हप्ता पर सरेको बजार अनुमगन यही सातादेखि गर्ने तयारी रहेको कामपाले जानकारी दिएको छ ।

कामपाको सहायक प्रवक्ता ध्रुवकुमार काफ्लेका अनुसार हिन्दूहरूको महान् पर्व बडादसैं नजिकै आइसकेको अवस्था छ तर आन्दोलनका कारण बजार व्यवस्थापनका लागि अनुगमन हुन सकेको थिएन अब यो सातादेखि गर्ने तयारी छ ।

प्रमुख काफ्लेले भने, 'कामपाले बजार अनुगमन गर्दा केन्द्रबाट पनि अनुगमन टोली, सुरक्षा निकायसहितको सहभागितामा मात्र गर्ने गरेको छ । आन्दोलनका कारण सरकारका सबै संयन्त्रहरू काममा फर्किसकेको अवस्था नभएकाले यही सातादेखि मात्र अनुगमन गरिने तयारी गरिएको हो ।'

बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिकी संयोजक एवं महानगरकी उपप्रमुख सुनिता डंगोलको नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन टोलीले प्रदर्शनी मार्गस्थित टुकुचा तरकारी बजार, खसी बजार, खाद्य संस्थान सुपथ बिक्री कक्षलगायतको अनुगमन गर्ने पनि सहायक प्रवक्ता काफ्लेले जानकारी दिए ।

कामपा अनुगमन टोलीले विगतका वर्षहरूमा पनि सुपरमार्केट खाद्यवस्तुको बिक्री व्यवस्था अनुगमन गर्दै सामानको मूल्य, उत्पादन मिति, म्याद सकिने मिति, अधिकतम् मूल्यजस्ता पक्षमा ध्यान दिन सुझाव दिने गर्दै आएको थियो । अनुगमनको क्रममा कमजोरी भेटिए वा उपभोक्तालाई ठगी गरेको पाइए कानुनअनुसार जरिवाना र थप कारबाही गरिनेसमेत गर्ने कामपाले चेतावनी दिएको छ ।

स्वच्छ र गुणस्तरीय सामान, सुपथ मूल्यका लागि उपभोक्ता आफैं सचेत हुनुपर्ने पनि कामपाको भनाइ रहेको छ । अन्य समयमा पनि फुटफुट बजार अनुगमन गर्दै आएको कामपाले चाडपर्वमा भने नियमितजस्तै अनुमगन गर्ने गरेको छ ।

बर्खाको समयमा कामपाले पिउने पानी राखिएको जारको नियमितजस्तै अनुगमन गरेको थियो भने मापदण्डविपरीतका करिब ३०० जार नष्टसमेत गरेको थियो । त्यस्तै उपभोक्ताले गरेका गुनासोको आधारमा होटल र मिठाइ पसलको अनुगमन गर्दा खाद्यवस्तु भेटिएपछि दुई लाख रूपैयाँ जरिवाना गराएको थियो ।


## Laligurans Municipality
### Office of Municipal Executive
Basantapur, Tehrathum

### Invitation for E-bid Only

**First Date of Publication: 2082/06/05 (21 SEP 2025)**
**Invitation For Bid No: LM/NCB/W/01/2082-83**

1. Laligurans Municipality invites Electronic Bids under National Competitive Bidding (NCB) for the following Construction Works :

| Contract Identification No. | Description of Works | Bid Security (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|
| LM/NCB/W/01/2082-83 | Upgrading Of Kebuk-Lambukhola-Baansbote Road At Laligurans Municipality 2,3 | 3,13,000.00 | 3,000.00 |
| LM/NCB/W/02/2082-83 | Upgrading Of Chamfula-Janata Aa.bi-Dhungrebaas-Kholakharka Road At Laligurans Municipality 3,4 | 3,57,000.00 | |
| LM/NCB/W/03/2082-83 | Construction Of Rcc Road At Basantapur-Musangkhel-Lambukhola-Sepeni Section, Laligurans Municipality 3,6 | 5,25,000.00 | |

**2. Bank Details :**

**Bank Name :** Kumari Bank Limited
**Bank Address :** Basantapur, Tehrathum Branch
**Office code Number :** 801010502
**Revenue Code Number :** 14229

| Details | For Cost of Bid Documents | For Bid Security Deposit |
|---|---|---|
| Account Name | Antarik Rajaswa Khata (Revenue Account) | Dharauti Khata (Security Deposit Account) |
| Account Number | 2570248753600003 (GA 1.1) | 2570248753600009 (GA 3) |

**3. Bid submission deadline:** 26 Oct 2025 (2082/07/09) at 12:00 hrs.
**4. Bid opening:** 26 Oct 2025 (2082/07/09) at 13:00 hrs.
5. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at www.bolpatra.gov.np/egp
6. The employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# जेन–जी आन्दोलनको ‘म्याण्डेट’मा केन्द्रित होऊ

**सुशीला कार्की नेतृत्वको वर्तमान सरकारको प्रमुख कार्यभार हो, प्रतिनिधिसभा निर्वाचन सम्पन्न गर्नु । जसअनुसार निर्वाचनको मितिसमेत तोकिसकिएको छ । जेन–जी आन्दोलनको बलमा बनेको कार्की सरकारलाई राज्यसत्ताबाट विस्थापित दलहरूलाई विश्वासमा लिएर चुनाव सम्पन्न गर्नु निकै चुनौतीपूर्ण हुने निश्चित छ । त्यसैले दलहरूलाई विश्वासमा लिन तत्काल प्रधानमन्त्री कार्कीले पहल गर्नुपर्छ ।**

**वर्तमान सरकारको अर्को महत्त्वपूर्ण कार्यभार हो, जेन–जी आन्दोलनले अघि सारेको म्याण्डेट पूरा गर्नु । उक्त आन्दोलनको मुख्य म्याण्डेड थियो– भ्रष्टाचारीको सम्पत्ति छानबिन र सुशासन । भ्रष्टाचार गरेकाहरूको सम्पत्ति छानबिन गर्न सरकारले उच्चस्तरीय छानबिन आयोग गठन गर्नुपर्ने हुन्छ । प्रधानमन्त्री कार्कीले आयोग गठन गर्ने घोषणा पनि गरिसकेकी छन् । तर, आयोग कहिले बन्ला ? आयोगले साँच्चिकै भ्रष्टाचारीको सम्पत्ति निष्पक्ष रूपमा छानबिन गर्ला ? विगतका विभिन्न आयोगहरू जस्तै कर्मकाण्डीमात्रै बन्ने त होइन ? यस्तै प्रश्नहरू उठिरहेका छन् जनजनमा ।**

**तर, कार्की सरकार गठन भएको एक साता बितिसक्दासम्म अपूर्ण छ । जसोतसो तीन जना मन्त्री नियुक्त गरेर चार सदस्यीय मन्त्रिपरिषद् बनाएका प्रधानमन्त्री कार्कीले थप मन्त्रीहरू पाउन सकेका छैनन् । उनले बढीमा ११ सदस्यीय मन्त्रीमण्डल बनाउने बताएकी छन् । अहिलेसम्म भने मन्त्री बन्ने व्यक्तिकै खोजीमा अलमलिएकी छन् । मन्त्रीको खोजीमा यसरी अल्झिएर मन्त्रिपरिषद् विस्तारमै समय बिताउँदा मूल लक्ष्यमा सरकार ‘असफल’ बन्ने खतरा देखिएको छ ।**

**सरकारको कामलाई प्रभावकारी बनाउन मन्त्रिपरिषद् विस्तार तत्काल गर्नुपर्छ । किनभने, प्रधानमन्त्री कार्की एक्लैको काँधमा अहिले १५ वटा मन्त्रालय छ । यसरी मन्त्रालय बोकेर प्रधानमन्त्रीले काम गर्नै सक्दैन । सरकारले परिणाम दिन सक्दैन । त्यसैले मन्त्रिपरिषद् विस्तारमा अल्झिनु हुँदैन । आन्दोलनको म्याण्डेटलाई सरकारले उच्च प्राथमिकतामा राख्नुपर्छ । सोहीअनुरूप जिम्मेवारी वहन गर्नसक्ने व्यक्तिहरूलाई मन्त्रिपरिषद्मा ल्याउनुपर्छ ।**

**जेन–जी आन्दोलनका कारण अर्बौंको भौतिक संरचना ध्वस्त भएका छन् । यसले अर्थतन्त्रलाई फेरि संकटतर्फ धकेलेको छ । मुलुकलाई वर्षौं पछाडि धकेलेको छ । वर्तमान सरकारको दायित्व क्षतिग्रस्त संरचनाको पुनर्निर्माण कार्य अगाडि बढाउनु रहेको छ । यसका लागि बजेटको व्यवस्थापन कम चुनौतीपूर्ण छैन । आन्तरिक तथा बाह्य स्रोतको पहिचान र परिचालनमार्फत सरकारले अर्थतन्त्रलाई उकास्ने प्रभावकारी योजना बनाइ कार्यान्वयन गर्न जरुरी छ । अहिले जसरी मन्त्रिपरिषद् विस्तारमै प्रधानमन्त्री अल्झिरहेकी छन्, यो राम्रो संकेत होइन । मन्त्रीमण्डललाई तत्काल पूर्णता दिएर सरकारको कामलाई चुस्त बनाउन प्रधानमन्त्रीको ध्यान जाओस् । अन्यथा फेरि जनआक्रोशको सामना गर्नुपर्ने निश्चित छ ।**

श्रम सरोकार


## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# संघीयता र समावेशिताका सवालमा देखिएका चुनौतीहरू



■ डा. चन्द्रकान्त ज्ञवाली

> नेपालमा संघीयता र समावेशिता नेपालको संविधानका मूलभूत विशेषताहरू नै हुन् । दोस्रो संविधानसभाले निर्माण गरेको नेपालको संविधानबमोजिम संघीयता र समावेशिताको कार्यान्वयन गर्दै संघीय शासन र समावेशिताको मूल मर्मबमोजिम सरकार, सरकारका निकाय र जनतासमेतले कार्यान्वयनमा लाग्नु आजको आवश्यकता हो । संविधान, संघीयता र समावेशिताको कार्यान्वयनमा संविधानमा स्पष्ट व्यवस्था भइदिएको भए संविधानको उल्लंघन नभई संवैधानिक नैतिकता सरकार र दलहरूले देखाउन सक्ने आशा हुन सक्दथ्यो । तर संविधानको छिद्रलाई खोजेर संविधान उल्लंघन हुने काम धेरै भए । अबको अहम् सवाल भनेको संविधान संशोधनका लागि उच्चस्तरीय संविधान सुधार सुझाव आयोग गठन गरी संशोधनार्फत संविधानलाई सर्वस्वीकार्य बनाई जैविक बनाउनु अपरिहार्य देखिन्छ ।

नेपालको संविधान निर्माण मुख्यतः १२ र १६ बुँदे जगको आधारमा पहिलो र दोस्रो संविधानसभाबाट भएको देखिन्छ । संघीयताको पृष्ठभूमि हेर्ने हो भने १० वर्षे माओवादी आन्दोलन, १९ दिने सात राजनीतिक दलको आन्दोलनले राज्यको पुनर्संरचनालाई मुख्य सवाल बनाए भने मधेस आन्दोलनले संघीयतालाई मुख्य विषय बनाएपछि भने अन्तरिम संविधान जारी हुन पुग्यो । यसको पहिलो र पाँचौं संशोधनले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अपनाउने प्रस्ताव गरेबमोजिम पछिल्लो संविधानसभाद्वारा जारी भएको नेपालको संविधानले संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको परिकल्पना गऱ्यो । यसपछि मात्र संविधानमा ७६१ वटा संसद् र सभा तथा ७६१ वटा सरकारको संवैधानिक व्यवस्था हुन पुग्यो । तर न्यायपालिका भने नितान्त एकात्मक वा जबर्जस्त एकीकृत न्यायपालिका भन्ने गरिन्छ ।

संविधानसभाबाट नेपालको संविधान २०७२ असोज ३ जारी भयो । संविधानसभाबाट जारी भएको संविधान जीवन्त हुन जनताको चाहनाअनुसार र समय-समयमा संविधान संशोधन हुनुपर्दछ । संविधान जारी भएको मसी सुक्न नपाउँदै २०७२ फागुन १६ गते संविधानको धारा ४२ मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको अधिकार हुने, धारा ८४ मा भूगोल र जनसंख्या रहेको ठाउँमा जनसंख्याका अधारमा निर्वाचन क्षेत्र कायम गर्ने, धारा २८६ बमोजिम निर्वाचन क्षेत्र कायम गर्ने, निर्वाचन क्षेत्र कायम गर्दा जनसंख्या पहिलो र दोस्रो भूगोलको आधारलाई संशोधान गरियो । दोस्रो संशोधनमा चुच्चे नक्सालाई समेटिएको देखिन्छ । तर आज संयुक्त सरकार बनेको भनेकै संविधान संशोधन मुख्य आधार थियो तर आजसम्म पनि संशोधन हुन सकेन ।

संविधान आफैंमा संविधानवादमा आधारित, व्यवहारवादी, भविष्यवादी, आजको पुस्ता र भोलिको पुस्ताका अधिकार सुनिश्चित र ग्रहण गर्दै उनीहरूले पालना गर्नसक्ने वा कार्यान्वयन हुनसक्ने संविधान हुनुपर्दछ भन्ने दह्रो मत अमेरिकन संविधानविद् जेफर्सनको छ । त्यसको पूर्णसमर्थन नेहरू र डा. भीम राव अम्बेडकरकोसमेत रहेको थियो ।

नेपालको दोस्रो संविधानसभाले निर्माण गरी जारी गरेको संविधानको स्तरको क्षमता र हैसियत के रहेको छ भन्ने कुरा यसको कार्यान्वयनमा भर पर्दछ । संविधानसभाबाट संविधान जारी गरिएको संविधान यथार्थतामा जनताको मनशाय, इच्छा र आकांक्षा नै हो । यसको अर्थ यो होइन कि जनता नै संविधान हुन् । संविधान राज्यका सबै तहका सरकार, निकाय र अंगहरूलाई विधिको शासनमा हिँडाउने नागरिकको कर्तव्य अधिकारको सुनिश्चित गर्ने मूल लिखत मानिन्छ । यस्तो संविधान संवैधानिक सर्वोच्चता हुन्छ । सरकार सीमित हुन्छ । स्वेच्छाचारिताको अन्त्य हुन्छ । लोकतान्त्रिक सरकार हुन्छ । तर संवैधानिक सर्वोच्चताविपरीत संसद्को सर्वोच्चता हुन्छ भने सरकार निरीह हुन्छ । संसद् बलियो हुन्छ । संसद्का कार्य न्यायिक पुनरावलोकन हुँदैनन् । जहाँ बेलायतमा भन्ने गरिन्थ्यो कि संसद्ले महिलालाई पुरुष र पुरुषलाई महिला बनाउन सक्दैन । अरु सबै गर्न सक्छ ।

आधुनिक समयमा संविधानबमोजिम चल्ने सरकार सीमित सरकारको रूपमा लिन थालिएको छ । अमेरिका, फ्रान्स, जर्मनी, क्यानाडा, भारत तथा नेपालको संविधान यसैका परिणति हुन् । २०६३ सालको जनआन्दोलन राजाको प्रत्यक्ष तथा स्वेच्छाचारी शासनको अन्त्य गरी सीमित सरकारका लागि थियो । जनताद्वारा निर्वाचित संविधानसभामार्फत संविधान बनाउने भन्ने अन्तरिम संविधान, २०६३ को उद्घोषसमेत थियो । सोही संविधानबमोजिम २०६४ चैत २८ मा पहिलोपटक दुई वर्षका लागि संविधानसभाको निर्वाचन भएको थियो । तर संविधानसभाको कार्यकाल दुई वर्षसम्म सर्वोच्च अदालतमार्फत बढाइए पनि अन्ततः पहिलो संविधानसभाले संविधान नबनाई विघटन हुन पुग्यो ।

## सार्वभौमसत्ता सम्पन्न नेपाली जनतामा

नेपालको संविधानले सार्वभौमसत्ता सम्पन्न नेपाली जनतालाई पहिलोपटक स्वीकार गऱ्यो । अर्कोतर्फ नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा नै निहीत हुने संवैधानिक व्यवस्थाको कुरा गऱ्यो । यसको प्रयोग संविधानमा जे व्यवस्था गरिएको छ सोहीबमोजिम हुने भनियो । यसरी जनताको सार्वभौमसत्ता र राजकीय सत्ताको बाँडफाँट राज्यको संरचनामा हुनेगरी संवैधानिक चाँजो मिलाइयो । नेपालको शासन व्यवस्थाको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेगरी संवैधानिक परिकल्पना हुन पुग्यो ।

नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान र कानुनबमोजिम गर्ने संवैधानिक व्यवस्था राखियो । जातीय, धार्मिक तथा सांस्कृतिक अवस्थाका आधारमा प्रदेशहरू निर्माण हुनुपर्छ भन्ने आवाज दरो रूपमा उठे पनि त्यसको सार्थकता हुन सकेन । आखिर प्रदेशहरूको निर्माण जिल्लाको भौगोलिक आधारमा हुन पुग्यो । सामाजिक, सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने भने पनि स्थानीय तहको संरचना निर्माण गर्दाका समयमा यसलाई बाहिर ल्याउन राज्यको चासोको विषय भने देखिएन ।

## संघीयतामा राज्यशक्तिको बाँडफाँट

नेपालको संविधानले संघीय सरकारको एकल अधिकार अनुसूची ५, प्रदेश सरकारको एकल अधिकार अनुसूची ६ र स्थानीय तहको अधिकार अनुसूची ८ मा राखिने कार्य भयो । संघ र प्रदेशको साझा अधिकार भने अनुसूची ७ मा र अनुसूची ९ मा भने स्थानीय, प्रदेश र संघमा राख्ने कार्य भयो । अवशिष्ट अधिकार भने संघमा राख्ने संवैधानिक व्यवस्था भयो । सोही सरकारका अधिकारबमोजिम संघमा संघीय संसद्, प्रदेशमा प्रदेश संसद् र स्थानीय तहमा स्थानीयसभा भन्ने संवैधानिक व्यवस्था गरियो ।

## संघीयता कार्यान्वयनमा आवधिक निर्वाचन

सर्वोच्च अदालतको आदेशबमोजिम २०७० मंसिर ४ गते संविधानसभाको दोस्रो निर्वाचन हुन पुग्यो । अन्ततः २०७२ असोज ३ मा संविधानसभाले नेपालको संविधान जारी गरी लागू हुन गएको छ । यसै क्रममा मधेसवादी दल, आदिवासी जनजाति तथा थारुहरूसमेतको आन्दोलन तथा भारतीयपक्षबाट भएको नाकाबन्दीको कारण समावेशी समानुपातिक प्रतिनिधित्वको आधारमा राज्यका हरेक निकायमा सहभागी गराउन र निर्वाचन क्षेत्र जनसंख्या र भूगोलको आधारमा हुनेगरी संविधान जारी भएको मसी सुक्न नपाउँदै संविधानको पहिलो संशोधन हुन पुग्यो ।

संविधानको कार्यान्वयनमा १० वर्षमा दुई तहको संसद् र स्थानीयसभाको निर्वाचन भयो । पहिलोपटकको निर्वाचन सम्पन्न भएर पाँच वर्षसम्म स्थानीय सरकार, प्रदेश र संघीय संसद्को दोस्रो कार्यकालका लागि निर्वाचन सम्पन्न गरेर आवधिक निर्वाचनको दोस्रो कार्यकालको सुरुआत भएको छ । कानुनी संरचना र भौतिक पूर्वाधार निर्माणमा देश अघि बढिसकेकाले संघीयतारूपी संविधानको कार्यान्वयनले गति लिन थालिसकेको देखिन्छ ।

## सरकार गठनका स्वरूप

यो संविधानले परिकल्पना गरेको बहुमत, संयुक्त तथा अल्पसंख्यकको सरकारको परिकल्पना गरे पनि कामचलाउ र अन्तरिम सरकारको परिकल्पना गरेन । तर संघीय संसद्ले मात्र निर्वाचन गरेको प्रधानमन्त्रीले कार्यकारी अधिकार प्रयोग गर्दा कुनचाहिँ शासकीय स्वरूप हो त भन्ने संसारको संवैधानिक शास्त्रले शासकीय स्वरूपको सिद्धान्तलाई नचिने पनि संघीय सरकारका प्रधानमन्त्री सबै सरकारका अभिभावक भएको नाताले अभिभावकत्व दिनुपर्ने हुन्छ । विगतको समयमा पोखरामा सम्पन्न मुख्यमन्त्रीको भेलाले संघीय सरकारका प्रधानमन्त्रीको अभिभावकत्व खोजेको देखिन्छ । धारा ७६(१)को समानुपातिक निर्वाचन प्रणालीले कहिले पनि सरकारको स्थायित्व र संसद्को स्थायित्व हुनसक्ने देखिँदैन । धारा ७६(१) र १६८(१) बमोजिम २०७९ सालको निर्वाचनले एकमना सरकार कुनै दलको जन्मनै सक्दैन ।

## एकतिहाइ महिलाको प्रतिनिधित्वको सवाल

वास्तविक सीमान्कृत वर्गभित्र दलित, महिला, पिछडिएको क्षेत्र, अपांगता भएका व्यक्ति, खस आर्य, आदिवासी जनजाति राजनीतिक दलको प्राथमिकतामा नपर्नु विडम्बना नै मान्नुपर्दछ । यो हुनु बहुदलीय लोकतन्त्रको संवैधानिक व्यवस्थामाथि नै धावा बोलेको देखिन्छ । यसैले समानुपातिक समावेशिता पहिलो हुनेले जित्ने प्रणालीभित्रै राख्न सकेमात्र एकमना सरकार बन्न सक्ने र समावेशिता राजनीतिक दलहरूको पोल्टामाभन्दा जनताको निर्णयमा केन्द्रित हुन सक्थ्यो । त्यसकारण पनि संघीय संसद्मा रहेको ११० र प्रादेशिक संसद्मा रहेको १२० सिटसमेतको ठूलो संख्याको समानुपातिक सिट संख्याको अन्त्य गर्दै प्रत्यक्षतर्फ उम्मेदवारलाई निर्वाचन क्षेत्र निर्माण गर्नुपर्ने देखिन्छ । जस्तो महिला, दलित, अपांगता भएका व्यक्ति आदिलाई छुट्टै निर्वाचन क्षेत्र निर्धारण गर्नु अपरिहार्य देखिन्छ ।

## संविधान संशोधनको सवाल

संघीय संविधानको कार्यान्वयनमा अर्को बाधक भनेको संविधानको संशोधन संघीय सरकारको रहने तर प्रदेशको हकमा प्रदेशको अनुमति लिने, अनुमति नदिएमा दुईतिहाइ बहुमतले संविधान संशोधनको अधिकार संघलाई मात्र दिँदा संघीयताको झल्कोसम्म पनि देखिँदैन । त्यसैले संघका अधिकार सूचीको संशोधनमा संघको संसद्बाट उत्पत्ति हुने र संघको दुईतिहाइ बहुमतले पारित गर्दा प्रदेश संसद्को पनि अनुमति लिइनुपर्ने र प्रदेशको सूचीको हकमा संशोधनको विधेयक प्रदेश संसद्बाट नै उत्पत्ति हुने, प्रदेश संसद्ले पारित गर्नुभन्दा अघि संघीय संसद्को अनुमति लिनुपर्ने तर अनुमति नआएको खण्डमासमेत प्रदेशको संसद्ले दुईतिहाइ बहुमतले पारित गर्ने प्रावधान राखियो भने संघीयताको अभ्यासमा द्वन्द्व हुने थिएन ।

## जेन–जी आन्दोलनले ल्याएको परिवर्तन

प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री वा राष्ट्रपति, सुशासन र मेरिटको आधारमा संवैधानिक नियुक्तिको मागसहितको एजेण्डामा जेन–जी आन्दोलन सफल भयो । त्यही आन्दोलनको जगमा युवापुस्ताको इच्छा र आकांक्षाअनुसार अन्तरिम सरकार गठन भएको छ । संविधानभित्रबाटै कामचलाउ प्रधानमन्त्रीको सिफारिस र सम्मतिमा तत्कालीन प्रतिनिधिसभामा रहेका दलका नेताहरूसँगको राष्ट्रपतिको परामर्श र सम्मति, संविधानविद्हरूसँगको संवैधानिक रायसल्लाह र राष्ट्रपतिको संविधानको रक्षक र पालकको हैसियतमा अन्तरिम सरकार गठन भएको हो । यसको मूल कार्य २०८२ फागुन २१ गते अर्को प्रतिनिधिसभाको निर्वाचन गर्नु नै हो । यो निर्वाचनमा सबै राजनीतिक दलहरूले सक्रिय सहभागिता जानाउनुपर्ने देखिन्छ ।

संघीय संसद्ले नै यस अन्तरिम सरकारले संविधानको पुनरावलोकन गरी संविधानको पुनर्लेखन वा संशोधन गर्न उच्चस्तरीय आयोग गठन गरी उक्त आयोगले दिएको प्रतिवेदनलाई त्यसै अन्तरिम सरकारले संविधान संशोधन विधेयकको रूपमा निर्णय गरी नयाँ आउने प्रतिनिधिसभामा अनुमोदनका लागि पेस गर्नुपर्ने भएकाले सोही प्रतिनिधिसभाको पहिलो बैठकले प्रत्यक्ष निर्वाचित कार्यकारी मोडेलको संविधानको संशोधन गरिसकेपछि प्रतिनिधिसभा विघटनसम्म हुनसक्ने र अर्को निर्वाचन प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री वा राष्ट्रपतिको निर्वाचन हुनसक्ने भएकाले सम्पूर्ण राजनीतिक दलहरू यस निर्वाचनमा होमिनुपर्ने अपरिहार्य देखिन्छ । सोही प्रतिनिधिसभाले नै अन्तरिम सरकारले पेस गर्ने संविधान संशोधन वन पुनर्लेखन विधेयकलाई दुईतिहाइ बहुमतले पारित गरेर प्रत्यक्ष राष्ट्रपति वा प्रधानमन्त्रीको प्रावधानसहित संविधान संशोधन वा पुनर्लेखन हुन जान्छ र सोही संविधानको भावना र अक्षरलाई टेकेर प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री वा राष्ट्रपतिको निर्वाचन हुने भएकाले जेन–जी आन्दोलनको भावना पूरा हुने छ ।

## निष्कर्ष

अतः नेपालको संविधान संघीयता, समावेशिता र संसदीय शासन प्रणालीलाई आत्मसात् गरेको छ । राष्ट्रपतीय पद्धति र प्रधानमन्त्रीय पद्धतिलाई इन्कार गरेको देखिन्छ । संघीय शासन पद्धतिमा संघीय सरकारबाट प्रादेशिक सरकारमा शक्तिको बाँडफाँट संविधानमै स्पष्ट रूपमा लेखिने हुँदा नेपालको संविधानले केही हदसम्म समेट्ने प्रयास गरेको देखिन्छ । अन्य मुलुकमा पनि सरकारको शक्ति संवैधानिक रूपबाट बाँडफाँड गरेपछि अर्धस्वतन्त्र, स्वायत्त, क्षेत्रीय र स्थानीय सरकारको स्थापना हुन्छ । संघीय, प्रान्तीय, प्रादेशिक, भौगोलिक वा स्थानीय सरकार संघीय शासनपद्धतिका स्वरूपहरू हुन् । संघीय सरकारले नै क्षेत्रीय सरकारको सिर्जना संवैधानिक व्यवस्थाबमोजिम गर्ने गर्दछ । दुई सरकार, दुई प्रशासन, दुई व्यवस्थापिका भनिए पनि नेपालमा तीन तहको सरकार र प्रशासन, तीन तहको व्यवस्थापिका तथा सभा राखिएको छ । न्यायपालिकाको हकमा साधारण एवं संघीय न्याय प्रणाली संघीय व्यवस्थाका प्रकृति हुन सक्छन् । तर नेपालमा न्यायपालिका केवल एकात्मक भए पनि संवैधानिक इजलास र उच्च अदालतको संरचनाले एकीकृत न्यायपालिकातर्फ उन्मुख रहेको पाइन्छ ।

दक्षिण एसियाको कुरा गर्दा भने शासन प्रणाली खासगरी भारत, पाकिस्तान र नेपालमा संघीय शासन प्रणाली अपनाइएको छ । अन्य मुलुकमा एकात्मक शासन प्रणाली नै पाइन्छ । नेपालमा संघीयता र समावेशिता नेपालको संविधानका मूलभूत विशेषताहरू नै हुन् । दोस्रो संविधानसभाले निर्माण गरेको नेपालको संविधानबमोजिम संघीयता र समावेशिताको कार्यान्वयन गर्दै संघीय शासन र समावेशिताको मूल मर्मबमोजिम सरकार, सरकारका निकाय र जनतासमेतले कार्यान्वयनमा लाग्नु आजको आवश्यकता हो । संविधान, संघीयता र समावेशिताको कार्यान्वयनमा संविधानमा स्पष्ट व्यवस्था भइदिएको भए संविधानको उल्लंघन नभई संवैधानिक नैतिकता सरकार र दलहरूले देखाउन सक्ने आशा हुन सक्दथ्यो । तर संविधानको छिद्रलाई खोजेर संविधान उल्लंघन हुने काम धेरै भए । अबको अहम् सवाल भनेको संविधान संशोधनका लागि उच्चस्तरीय संविधान सुधार सुझाव आयोग गठन गरी संशोधनार्फत संविधानलाई सर्वस्वीकार्य बनाई जैविक बनाउनु अपरिहार्य देखिन्छ । *रासस*

*(लेखक संवैधानिक कानुनका ज्ञाता एवं सर्वोच्च अदालतका वरिष्ठ अधिवक्ता हुन्)*



**क्षतिग्रस्त बागमती प्रदेशसभा हल**

**जेन–जी आन्दोलनका क्रममा तोडफोड तथा आगजनीबाट क्षतिग्रस्त मकवानपुरको हेटौंडा उपमहानगरपालिका–१० स्थित बागमती प्रदेशसभा हल । करिब पाँच वर्ष लगाएर निर्माण गरिएको सो सभाहलमा चारवटा बैठकमात्र बसेको थियो ।**

*तस्बिरः राजु विश्वकर्मा/रासस*

# स्वास्थ्यचौकीको भवन जीर्ण हुँदा सेवा प्रभावित



**म्याग्दी (प्रस)-** म्याग्दीको मालिका गाउँपालिका-१ निस्कोटमा रहेको स्वास्थ्यचौकीको भवन जीर्ण बनेपछि सेवा प्रभावित भएको छ ।

३० वर्षअघि निर्माण भएको एक तले भवनको छानो चुहिन थालेपछि त्रिपालमुनि बिरामीको उपचार गर्नुपर्ने अवस्था छ । चौकीका प्रमुख अजित विकले बर्खायाममा पानी चुहिएर समस्या भएपछि त्रिपालले छाना छोपेर बिरामीको उपचार गर्ने गरिएको बताए ।

'जीर्ण भवनमा पानी चुहिएर समस्या भएको छ । तीन वर्षयता बर्खामा त्रिपालमुनि बिरामी राखेर सेवा दिएका छौं,' उनले भने, 'गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सकिरहेका छैनौं । त्रिपाल थोत्रो भएकाले यसपालि पनि वडा कार्यालयसँग त्रिपाल माग गरेका छौं ।'

बिरामी जाँच, औषधि वितरणदेखि सामान्य उपचारसम्म जीर्ण भवनमै हुने गरेको छ । छानाबाट पानी चुहिने समस्या समाधान गर्न छानामा त्रिपाल ओढाएर अस्थायी व्यवस्था मिलाइएको छ । भवनमा भएका चारवटा कोठा साँघुरा छन् ।

यस वर्षदेखि प्रसूति सेवा पनि सुरु गरेको स्वास्थ्यचौकीमा मासिक १५० देखि २०० जनाले सेवा लिने गरेका छन् । निस्कोट स्वास्थ्यचौकीको भवन वि.सं. २०५० मा निर्माण भएको थियो । मालिका गाउँपालिका-१ निस्कोटका वडाध्यक्ष टंकप्रसाद पुनले जग्गाको अभावमा स्वास्थ्यचौकीको भवन निर्माण प्रक्रिया अघि बढाउन नसकेको बताए ।

# 'जेन–जी' आन्दोलनः अधुरै रह्यो बाबुआमालाई झापा लैजाने कमलको सपना

**पाँचथर–** वैदेशिक रोजगारीका क्रममा साउदी अरबमा तीन वर्ष बिताएर गत वैशाखमा झापा आएका पाँचथरको हिलिहाङ गाउँपालिका-२ अमरपुरका कमल भण्डारी बाबुआमा भेट्न गाउँ आइपुगेकै थिएन । श्रीमती सीता र पाँच वर्षका छोरा झापामा रहेकाले उनी झापामै बसेर विर्तामोड नगरपालिका-१० बिराटपोखरमा घर बनाइरहेका थिए ।

गत भदौ तेस्रो साता मोबाइलमा कुराकानी हुँदा कमलले बुबा गणेशप्रसाद भण्डारीलाई दसैंसम्ममा घरको भुइँतलाको काम सक्ने बताएका थिए । 'दसैंमा यहाँको घर सिंगार्न आइपुग्छु भन्थ्यो,' गणेशले भने, 'तर भदौ २५ गते कान्छो छोराले दाजुलाई गोली लाग्यो भनेर सुनायो ।' गणेशलाई देशका मुख्य सहरमा जेन-जीको आन्दोलन भइरहेको र आन्दोलनमा आफ्नो छोरोसमेत सहभागी भएको थाहा नै थिएन ।

घर निर्माण गरिरहेका कमल 'जेन-जी' आन्दोलन चर्किएको समयमा भदौ २४ गते साँझ आन्दोलनमा सहभागी हुन झापाको विर्तामोड गएका थिए । कमलका भाइ पवनका अनुसार श्रीमती सीतालाई 'धेरै समय बस्दिनँ । एकैछिन आन्दोलनमा गएर आउँछु' भनेर कमल गाउँका अन्य साथीसँग विर्तामोड लागेका थिए ।

रात पर्दै गए पनि कमलको फोन उठेन । श्रीमती सीता, बहिनी मायालगायतले रातैभरि मोबाइलमा फोन गरे । फोन लाग्ने तर कुनै प्रतिक्रिया नआउँदा सबैको मनमा आशंका पसिसकेको थियो । बहिनी मायाका अनुसार गत भदौ २५ गते बिहान १० बजे कमलको फोन बिएण्डसी अस्पतालका सुरक्षाकर्मीले उठाए ।

सुरक्षागार्डले 'तपाईंको बिरामी यहाँ हुनुहुन्छ । आएर लिएर जानु' भने । 'हामीलाई केही थाहा नै भएन । हाम्रो दाइ घाइते भएर अस्पतालमा हुनुहुन्छ भनेर हामीलाई कसैले जानकारी पनि गराएनन्,' मायाले भनिन्, 'दाजुसँगै आन्दोलनमा आएका अरु कसैले पनि हामीलाई जानकारी गराएनन् । हामीले त चिन्ने कुरै भएन । त्यो समूहमा गएकामा दाजुलाई मात्रै गोली लागे छ ।'

जेन-जी आन्दोलन उत्कर्षमा पुगेका बेला भदौ २४ गते साँझको खाना खाएर कमल आन्दोलनमा सहभागी हुन विर्तामोड आएका थिए । आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय विर्तामोड छेउमा भएको झडपमा कमलको कञ्चटमा गोली लागेको थियो । घाइते कमललाई सुरक्षाकर्मी र आन्दोलनकारीले उद्धार गरेर बिएण्डसी अस्पताल पुऱ्याएका थिए ।

कमलका परिवारजनले भोलिपल्ट मात्रै उनी 'भेण्टिलेटर'मा भएको जानकारी पाए । 'दाजु कस्तो अवस्थामा हुनुहुन्थ्यो भनेर हामीलाई हेर्न नै दिइएन । भाउजु बेहोस् अवस्थामा हुनुहुन्थ्यो,' बहिनी मायाले भनिन्, 'चिकित्सकले गोली निकाल्न सकेनौं । आफन्त पनि आउनु भएन भने । हामीले थाहा नै पाएनौं भोलिपल्टसम्म । तर त्यतिञ्जेलसम्म धेरै ढिलो भइसकेको रहेछ ।'

कमलको शवलाई भदौ २८ गते अमरपुर ल्याई दाहसंस्कार गरेपश्चात् काका शान्तिराम भण्डारी र श्रीमती सीता काजक्रियामा बसेका छन् । ५७ वर्षका बाबु गणेश आफैं बिरामले थलिएका छन् । बिरामी आमा खगमायाले राम्रोसँग कान नसुन्ने कमलका भाइ पवनको भनाइ छ ।



बिरामी बाबु गणेशका गला अवरुद्ध छन् । गर्भवती श्रीमती सीता अझैंसम्म 'अर्धचेत' छिन् । सिकुवामा 'हार्दिक श्रद्धाञ्जलि' लेखेर ३० वर्षका छोराको तस्बिर राखिएको छ । आफन्त र छरछिमेकी घरभरि छन् । तर गणेशलाई न निद्रा लागेको छ न भोकप्यास ।

झापामा घर निर्माण सकेर बाबुआमालाई पनि लैजाने कुरा कमलले परिवारसँग गर्दै आएको थियो । परिवारको मियो नै ढलेपछि न झापाको घर निर्माण सम्पन्न भयो न त बाबुआमालाई झापा लैजाने कुरा नै । 'हामीलाई पनि घर बनाइ सकेर झापा नै लैजाने भन्दै थियो । तर खोइ आज के आइलाग्यो ?,' भक्कानिँदै बाबु गणेशले भने । भुइँतला ढलान सकिएको घर फिनिसिङ गर्न बाँकी छ ।

कमल दसैंमा घर सिंगार्न आइपगेनन् नै दसैंको मुखका परिवार र सिंगो गाउँ शोकमा डुबेको छ । ३० वर्षीय कमलको आठ वर्ष खाडीमै बितिसकेको थियो । खाडीमा गरेको परिश्रमले झापामा जग्गा खरिद गरेर घर बनाउने क्रममा निधन भएपछि भण्डारी परिवारमाथि बज्रपात परेको छ । कमलका पाँच वर्षका छोराले अब कहिल्यै बाबु भेट्ने छैनन्, गर्भमा रहेको सन्तानले बाबु देख्न पनि पाउने छैन । अर्धचेत श्रीमती सीताले सहयात्राको सात वर्षमै श्रीमान् गुमाउनु परेको छ । 'यिनीहरूको भविश्य के होला भन्ने हामीलाई ठूलो चिन्ता छ,' काका शान्तिरामले भने ।

सहिद परिवारलाई भेट्न जनप्रतिनिधि, राजनीतिक दलका नेता र आन्दोलनका अगुवा आइपुगेका छैनन् । 'हामीलाई भेट्न वडाध्यक्षसमेत आएको छैन,' सहिद कमलकी बहिनी मायाले भनिन्, 'देशमा परिवर्तन होला भनेर आन्दोलनमा गएको दाइ बित्दा कसैले वास्ता पनि गर्नुभएन ।' जेन-जी आन्दोलनका सहादत प्राप्त गरेकाका परिवारलाई दिइने भनेको राहतबारे पनि भण्डारी परिवार जानकार छैन । *रासस*


Invitation for Bids

**Samudayik Laghubitta Bittiiya Sanstha Limited**

*Sanga, Banepa-14, Kavrepalanchowk*

**Invitation for Sealed Bids for the procurement of Vehicle (Double Cab Diesel Pick-up 4 WD 2100-2500 cc)**

**Contract Identification No: SLBSL/G/NCB-01/2082/083**

**Date of publication: September 21, 2025**

1. Samudayik Laghubitta Bittiya Sanstha Limited, Sanga, Banepa-14, Kavrepalanchowk, Nepal invites ***sealed*** bids from eligible bidders for the procurement of Vehicle (Double Cab Diesel Pick-up 4 WD 2100-2500 cc) under National competitive bidding – Single Stage Single Envelope procedures. Bidding is open to all eligible Bidders from all countries.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Samudayik Laghubitta Bittiya Sanstha Limited, Sanga, Banepa-14, Kavrepalanchowk, e-mail address: info@slbsl.com.np, telephone number 011-662251 or may visit www.slbsl.com.np.
3. A complete set of Bidding Documents may be purchased from the office of Samudayik Laghubitta Bittiya Sanstha Limited, Sanga, Banepa-14, Kavrepalanchowk by eligible Bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate, and upon payment of a non-refundable fee of NRs 3,000 till October 5, 2025 during office hours.
4. Pre-bid meeting shall be held at Samudayik Laghubitta Bittiya Sanstha Limited, Sanga, Banepa-14, Kavrepalanchowk at 1:00 PM on September 26, 2025.
5. Sealed bids must be submitted to the office of Samudayik Laghubitta Bittiya Sanstha Limited, Sanga, Banepa-14, Kavrepalanchowk by hand/courier on or before 1:00 PM on October 6, 2025. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on October 6, 2025 at the office of Samudayik Laghubitta Bittiya Sanstha Limited, Sanga, Banepa-14, Kavrepalanchowk. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. ***180,000***, which shall be valid for 30 days beyond the validity period of the bid. (i.e. February 1, 2026)
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.



**मकालु गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**कोशी प्रदेश,नेपाल**

**नुम, संखुवासभा**

**बोलपत्र स्वीकृत गर्ने आसयको सुचना**

**सूचना प्रकाशित मितिः २०८२/०६/०५**

यस मकालु गाउँपालिका कार्यालयल द्वारा मिति २०८२/०२/०४ गते आइतबार मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको बोलपत्र आह्वानको सूचना अनुसार मिति २०८२/०३/०३ गते मंगलबार , १२:०० बजे सम्म विधुतीय माध्यम मार्फत रितपुर्बक पर्न आएका बोलपत्रहरुको प्राविधिक मुल्यांकन गरि मिति २०८२/०५/१९ गते बिहिबार हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको आर्थिक प्रस्ताब खुल्ने सूचना अनुसार मिति २०८२/०५/२७ गते शुक्रबार खुलेको आर्थिक प्रस्ताबहरुको मुल्यांकन गर्दा तपसिलको कार्यको लागि तपसिलको बोलपत्र दाताले पेश गरेको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही (Lowest Evaluated Substantially Responsive Bidder) पाईएको हुदा सार्बजनिक खरिद ऐन(पहिलो संसोधन) २०६३,को दफा २७(२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजननार्थ सम्बन्धित सम्पूर्ण बोलपत्र दाताहरुको जानकारीको लागि यो ७ दिने सुचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.स | खरिद कार्यको विवरण | बोलपत्र/ठेक्का नं | बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु (मु.अ कर समेत) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | Construction Of Makalu Rural Municipality Administrative Building Construction | MRM/03/2081/82 | श्री भावना/कालीनाग जे.भि. टोखा, काठमाण्डौं, नेपाल | ७,४९,८२,३९५.९५(अक्षेरुपी सात करोड उनन्चास लाख बयासी हजार तीन सय पंचानब्बे रुपैयाँ पंचानब्बे पैसा मात्र) | |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक




## सृष्टिको 'टाढा भए नि' सार्वजनिक

नेपाली कला क्षेत्रमा उदयमान गायिका सृष्टि थापाको 'टाढा भएनी' गीत सार्वजनिक भएको छ। सेन्टिमेन्टल भावमा रहेको यस गीतको शब्द रचना सागर सुनार र गायिका सृष्टि थापाको रहेको छ भने सागर सुनारको संगीत रहेको छ। गीतको संगीत संयोजन आरेम सुनारको रहेको छ। 'टाढा भएनी' गीतको म्यूजिक भिडियोलाई टेक अछामीले निर्देशन गरेका हुन्। उमेश शाहको छायाँकन रहेको यस भिडियोको सम्पादन टेकेन्द्र शाहले गरेका छन्। भिडियोमा गायिका सृष्टि थापा, आशिष ओली र माया स्याङ्बोले अभिनय गरेका छन्।




आइतबार, ०५ असोज २०८२ (Sunday, 21 September 2025)

# 'हरिबहादुरको जुत्ता'को ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'हरिबहादुरको जुत्ता' को ट्रेलर सार्वजनिक भएको छ। दशैंको फूलपातीमा रिलिज तयारीमा रहेको यो वर्षको प्रतीक्षित चलचित्रको रूपमा हेरिएको चलचित्रको ट्रेलर शनिबार सार्वजनिक भएको हो। दीपेन्द्र के खनाल निर्देशित फिल्मको ट्रेलरले कमेडी भावलाई प्रस्तुत गर्दै समसामयिक राजनीतिक विषयलाई पनि समेटेको छ।

हरिवंश आचार्य चलचित्रमा हरिबहादुर पात्रमा प्रस्तुत भएका छन्। नेपाली टेलिभिजनको पर्दामा सर्वाधिक सफल यो पात्रको जीवनमा आउने उतारचढावको कथालाई चलचित्रको ट्रेलरमा समावेश गरिएको छ। त्योसँगै युवापुस्ताले खोजेको राजनीतिक परिवर्तन र त्यसबिचमा उत्पन्न हुने परिस्थितिलाइ पनि ट्रेलरमा प्रस्तुत गरिएको छ। खनाल निर्देशित चलचित्रमा हरिवंश आचार्य, स्वस्तिमा खड्का, प्रकाश सपुत, प्रियंका कार्की, हरिहर शर्मा, दिव्य देव, किरण केसी, राजाराम पौडेल, दिनेश काफ्ले, सीता न्यौपाने, कमलमणि नेपाललगायत कलाकारको अभिनय छ।

एसएम मोसन पिक्चर्सको ब्यानरमा निर्माण भएको चलचित्रलाई सरोज ओली र मोहितवंश आचार्यले निर्माण गरेका छन्। कृष्ण बहादुर थापाले खिचेको फिल्मलाई नकुल खड्काले सम्पादन गरेका छन्। वसन्त सापकोटा, दीपक शर्मा र प्रकाश सपुतको संगीत रहेको यस फिल्मका गीतहरूलाई आशीष अविरल, समीक्षा अधिकारी, मोहितवंश आचार्य, समीर खरेल र सज्जा चौलागाईंले गाएका छन्।




# 'अञ्जिला' लाई अस्करमा पठाउने निर्णय विवादित

■ प्रभाव संवाददाता

**काठमाडौं–** ९८औं एकेडेमी अवार्डस् (अस्कर)को अन्तर्राष्ट्रिय फिचर विधामा नेपालबाट फिल्म 'अञ्जिला'लाई पठाउने निर्णय विवादित भएको छ। अस्कर अवार्डको नेपालस्थित 'अन्तर्राष्ट्रिय फिचर फिल्म छनोट समिति'ले गरेको उक्त निर्णय विवादित बनेको छ।

समितिले केही दिनअघि फिल्म 'अञ्जिला'लाई ९८ औं एकेडेमी अस्करको अन्तर्राष्ट्रिय फिचर विधाको लागि नेपालबाट सिफारिस गर्ने निर्णयमा 'गुन्युचोलो'का निर्माण पक्षले असन्तुष्टि जनाएका हुन्।

फिल्म छनौटका लागि 'अञ्जिला' र 'गुन्युचोलो'ले आवेदन दिएका थिए। समितिले एन्जिला तुम्बापो सुब्बाको जीवन कथामा आधारित फिल्मलाई उत्कृष्ट ठहऱ्याउँदै छनोट गरेको थियो।

निर्णयको २४ घण्टा नबित्दै 'गुन्युचोलो'ले शुक्रबार एक पत्रकार सम्मेलन गर्दै आइतबारसम्म निर्णय खारेजी नगरे अमेरिकास्थित अस्कर मुख्यालयमा पत्र लेख्ने चेतावनी समेत दिएका छन्।




पत्रकार सम्मेलनमा निर्देशक समुन्द्र भट्टले कमिटीको निर्णय त्रुटिपूर्ण रहेको बताइन्। उनले कमिटीको कार्यविधि नरहेको बताउँदै एक सदस्य अमेरिकामा रहेर फिल्म समेत नहेरेको र अर्का एक सदस्यको भूमिकासँग समितिको निर्णयको स्वार्थ बाझिएको आरोप उनको छ।

त्यस्तै अभिनेता नाजिर हुसेनले पनि समितिका एक जना सदस्यले अमेरिकामा बसेर नेपालबारेको निर्णय गर्न नहुने बताए। उनले नेपालको कमिटीको निर्णय गर्न नेपालमै उपस्थित हुनुपर्ने धारणा राखे।

'गुन्युचोलो'को निर्माता कम्पनी स्काइ ओसन इन्टरटेनमेन्ट प्रालिले 'त्रुटिपूर्ण निर्णय'लाई सच्याउन आग्रह गर्दै चलचित्र विकास बोर्डमा उजुरी दिएको छ।

प्राप्त उजुरीको आधारमा बोर्डले दुवै पक्षलाई आइतबार बोलाएको बताइन्छ। समिति सदस्य बिमल पौडेलले यस विषयमा समितिको शनिबार टिमभित्र छलफल हुने जानकारी दिए।

# पूर्ण राईले ल्याए 'सहिद'

काठमाडौं (प्रस)- जेनजी आन्दोलनका सहिदलाई समर्पित गर्दै युवापुस्ताका चर्चित गायक पूर्ण राईले नयाँ गीत 'सहिद' ल्याएका छन्। युट्युबमा सार्वजनिक गरिएको यो 'सिंगल ट्र्याक'मा पूर्णले आफ्नो शब्द, संगीत र स्वरमा मर्मस्पर्शी गीत ल्याएका हुन्।

गीतबारे राईले लेखेका छन्, 'यो गीत जेन जेड आन्दोलनमा आफ्नो ज्यान गुमाउने सबै सहिदहरूको हो। तिमीहरू सधैं सम्झिनेछौ !!! आराम गर सुन्दर आत्माहरू।' भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा अहिलेसम्म मृत्यु हुनेको संख्या ७४ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।





# मलेसियासँगको टी-२० अन्तर्राष्ट्रिय शृंखलाका लागि महिला टोलीको घोषणा




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल क्रिकेट संघ (क्यान)ले मलेसियाविरुद्ध हुने टी-२० अन्तर्राष्ट्रिय क्रिकेट श्रृंखलाका लागि टोली घोषणा गरेको छ। 'मलेसियन सुपर ओमन सिरिज' र मलेसियन राष्ट्रिय क्रिकेट टोली विरुद्धको टी-२० अन्तर्राष्ट्रिय शृंखलाका लागि टोली घोषणा गरिएको हो।

यी दुवै शृंखला मलेसियन क्रिकेट संघको आयोजनामा हुन लागेको हो। 'मलेसियन सुपर ओमन सिरिज' सेप्टेम्बर २४ देखि ३० तारिखसम्म मलेसियामै सञ्चालन हुनेछ भने मलेसियन राष्ट्रिय टोली विरुद्धको पाँच खेलको टी-२० अन्तर्राष्ट्रिय शृंखला आगामी अक्टोबर २ देखि ८ तारिखसम्म सञ्चालन हुनेछ।

घोषित नेपाली टोलीमा इन्दु वर्मा, पूजा महतो, राजमती ऐरी, सम्झना खड्का, कविता जोशी, रीया शर्मा, सोमु विष्ट, रचना चौधरी, रुबी पोद्दार, यशोदा विष्ट, सावित्री धामी, कविता कुँवर, रुविना क्षेत्री र सीता रानामगर रहेका छन्।

**सीता ७ महिनापछि फर्किइन् टिममा**

भेट्रान अलराउन्डर सीता रानामगरले ७ महिनापछि नेपाली टोलीमा पुनरागमन गरेकी छन्। नेपालले २ देखि ८ अक्टोबरसम्म मलेसियासँग ५ वटा टी-२०आई खेल खेल्दैछ। उक्त खेलका लागि क्यानले शनिबार घोषणा गरेको टोलीमा उनी समेटिएकी हुन्।

सीताले अन्तिमपल्ट गत फेब्रुअरीमा घरेलु मैदानमा थाइल्यान्ड र नेदरल्यान्ड्ससँग भएको सिरिज खेलेकी थिइन्। त्यसयता उनी लागेको चोटमुक्त हुने प्रयासमा थिइन्।

उनले युगान्डा सिरिजसँगै थाइल्यान्डको बैंककमा भएको आइसीसी महिला टी-२० विश्वकप एसिया क्षेत्रीय छनोट पनि गुमाएकी थिइन्। सीता टी-२० आईमा सर्वाधिक विकेट लिने नेपाली खेलाडी हुन्। उनले ५५ इनिङ्समा ११ मेडनसहित ७७३ रन खर्चिंदै ५८ विकेट लिएकी छन्। उनीबाहेक कुनै पनि बलरले अहिलेसम्म ५० विकेट कटाउन सकेका छैनन्।

# शुक्लाफाँटामा क्रिकेट: फुटेको पिचमै फुल्दै आशाको सपना

**कञ्चनपुर–** फुटेको पिच, बल, च्यातिएको जाली, टुटेको ब्याट र जीर्ण खेलमैदानमा शुक्लाफाँटा नगरपालिकाका क्रिकेट खेलाडीले दैनिक अभ्यास गर्दै आएका छन्। क्रिकेट खेल्न आवश्यक आधारभूत सामग्रीको अभाव हुँदाहुँदै पनि खेलाडीहरूको उत्साह भने घटेको छैन। अभावै अभावका विचमा निरन्तर अभ्यास गरेर उत्कृष्ट प्रदर्शन गरी क्रिकेट खेलाडीले शुक्लाफाँटालाई उर्वर थलोका रूपमा चिनाएका छन्।

धर्मजनता विद्यालय र कालिका माध्यमिक विद्यालयको मैदान अहिले स्थानीय क्रिकेट खेलाडीहरूको मुख्य अभ्यासस्थलका रूपमा रहेका छन्। 'ती मैदानमा कहिले गाई, भैंसी त कहिले बाख्राको चराउनेको भीड हुन्छ, अभावैअभावका बीच पनि अभ्यास जारी राख्दै आएका छौं', प्रशिक्षक साजन गौतम भने, 'हामीसँग सुविधा छैन, तर सपना छ, यही सपना पूरा गर्ने जोशका कारण क्रिकेटमा भविष्यको सपना बुनेका खेलाडी अभ्यासमा अभ्यस्त हुँदै आएका छन्।'

उनका अनुसार गत वर्ष प्रधानमन्त्री कप प्रदेशस्तरीय महिला क्रिकेटमा शुक्लाफाँटाकै तीन खेलाडीले प्रदेशको प्रतिनिधित्व गरे। टोली उपविजेता बनेपछि ठूलो खुसी छाएको उनी बताउँछन्। 'यस वर्ष प्रधानमन्त्री कप प्रदेशस्तरीय महिला अण्डर-१९ प्रतियोगितामा उपाधिनै जित्दा उत्साह झनै बढेको छ', प्रशिक्षक गौतम भन्छन्, 'यो गति कायम रह्यो भने सन् २०२७ को महिला अण्डर-१९ विश्वकपमा शुक्लाफाँटाका महिला खेलाडी नेपालका लागि मैदानमा उत्रिने विश्वास छ।'




प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा सहभागी भई उत्कृष्ट प्रदर्शन गरेकी खेलाडी रविना धामीले भनिन्, 'अभ्यास गर्ने पूर्वाधारको सुविधा छैन, तर पनि राष्ट्रियस्तरमा पुग्न सकेका छौं भने अझै मिहिनेत गरी रहेका छौं, निरन्तर अभ्यासमा जुट्दै आएका छौं, ठूलो सपना देख्न पाइन्छ भन्ने आत्मविश्वास बढेको छ।'

पुरुष क्रिकेटको अवस्थासमेत उस्तै छ। संरचना नहुँदा कठिनाइ भए पनि प्रदेश र राष्ट्रियस्तरमा निरन्तर प्रगति गरिरहेका छन्। यसै क्षेत्रबाट ललित भण्डारी, आशिष लुहार र सुशील रावलले अन्तरराष्ट्रियस्तरसम्मका प्रतियोगितामा सहभागिता जनाइसकेका छन्।

सरोज ऐर, रमेश भट्ट, सुरज तिरुवा, कैलास ऐरलगायतले राष्ट्रिय टोलीमा खेलिसकेका छन्। यी उपलब्धिले शुक्लाफाँटा क्रिकेटका लागि उर्बर भूमि बनेको पुष्टि गर्छ। पुरुष अण्डर १६ र १९ लाई राष्ट्रिय प्रतियोगितासम्म पुऱ्याउने लक्ष्य लिएर प्रशिक्षणको कार्य भइरहेको साजन बताउँछन्, तर कठिनाइ अनगिन्ती छन्। अभावकै कारण धेरै प्रतिभा हराइरहेका छन्। प्रतिभा भएर पनि अवसर नपाउँदा नगरपालिकाका धेरै जना क्रिकेटका खेलाडी घरको आर्थिक अबस्था नाजुक हुँदा जीविकोपार्जनका लागि भारततर्फ लागेका छन्।

यहाँका अधिकांश खेलाडीका परिवार भारतीय बजारमा मजदुरी गर्छन् वा गाउँमै ज्यालामा निर्भर छन्। त्यस्ता अवस्थामै पनि उनीहरूले क्रिकेटलाई निरन्तरता दिएका छन्। बल र नेट खरिद गर्नै मुस्किल हुने अवस्था छ। अभ्यास मैदानको पिच वर्षौंदेखि जीर्ण अवस्थामा छ। प्रशिक्षक गौतमको भनाइमा तत्कालीन आवश्यकता भनेकै ट्रफ विकेट, नयाँ नेट, बल र फेन्सिङको हो। 'यी आधारभूत कुरा भए अन्तरराष्ट्रियस्तरका थप खेलाडी निस्कन सक्छन्', गौतमले भने।

प्रशिक्षक गौतम भन्छन्, 'स्थानीयस्तरमा केही सहयोगी हात बढेका छन्, खेलप्रेमीहरूले बल र अन्य सामग्री उपलब्ध गराएका छन्। तर खेललाई दिगो बनाउन नगरपालिकादेखि प्रदेश सरकारसम्मको ध्यान आवश्यक छ।' क्रिकेटको लोकप्रियता यहाँ यति बढेको छ कि विद्यालयस्तरमा हुने प्रतियोगिता हेर्न सयौं दर्शक जुट्छन्।

युवाहरूका हातमा ब्याट-बल देख्दा अभिभावकले गर्व गर्ने गरेका छन्। स्थानीय खेलप्रेमी सरोज ऐर भन्छन्, 'हाम्रो नाम क्रिकेटकै कारण टाढाटाढा पुगेको छ, संरचनागत सहयोगको आवश्यक छ, आवश्यक सामग्रीको अभावपूर्र्ति हुने हो भने यो क्षेत्र क्रिकेटको हब बन्न सक्छ।'

शुक्लाफाँटामा क्रिकेटको चहलपहल करिब दुई दशकअघि नै सुरु भएको हो। तर संरचना र अभ्यास गर्ने उचित ठाउँ नहुँदा धेरै प्रतिभा हराउँदै गएका छन्। युवा खेलाडीहरूले गर्दै आएको प्रदर्शनले शुक्लाफाँटालाई क्रिकेटको केन्द्रका रूपामा चिनाउने विश्वास ऐर व्यक्त गर्छन्। *रासस*



जापानको पूर्वी टोकियोस्थित टोकियो खाडीमा रहेको संरक्षित ज्वारभाटा र सिमसार क्षेत्र, कसाई मरिन पार्कको भ्रमणको क्रममा बेलायतका राजकुमार एडवर्ड, एडिनबर्गका ड्यूक र जापानका लागि बेलायती राजदूत जुलिया लङबटम (बायाँ) सिमसार क्षेत्र अवलोकन गर्दै । *तस्बिरः एएफपी*

# ट्रम्पद्वारा सञ्चारमाध्यमको आलोचना

## किमेलको कार्यक्रम निलम्बनपछि बहस चर्कियो



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सञ्चारमाध्यमहरूले आफूमाथि अत्यधिक नकारात्मक समाचार सम्प्रेषण गरिरहेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । शुक्रबार ह्वाइट हाउसको ओभल अफिसमा सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले सञ्चारमाध्यमहरूले राम्रो समाचारलाई समेत नकारात्मकरूपमा प्रस्तुत गर्ने प्रयास गरेको र यस्तो कार्य व्यक्तिगत दृष्टिले 'अवैध' जस्तो लाग्ने बताए ।

यस वर्ष ट्रम्पले थुप्रै प्रमुख समाचार संस्थाहरूलाई मानहानिसम्बन्धी मुद्दा दायर गरिसकेका छन् । उनको दाबीअनुसार सञ्चारमाध्यमहरूले उनी र आफ्नो प्रशासनको बारेमा झण्डै ९७ प्रतिशत नकारात्मक समाचारहरू प्रसारण गरिरहेका छन् ।

यो विवाद चर्चित हास्य कलाकार जिमी किमेलको टेलिभिजन कार्यक्रम निलम्बन गरिएको खबर सार्वजनिक भएपछि थप चर्कियो । किमेलले दक्षिणपन्थी राजनीतिक कार्यकर्ता चार्ली किर्कमाथि दिएको टिप्पणीलाई लिएर अमेरिकी संघीय सञ्चार आयोग (एफसिसी) का आयुक्त ब्रेण्डन कारले कडा प्रतिक्रिया जनाउँदै प्रसारण गर्ने च्यानलहरूलाई जरिवाना वा लाइसेन्स खारेज गर्ने चेतावनी दिएका थिए । केही घण्टाभित्रै एबिसी टेलिभिजनले किमेलको कार्यक्रम अनिश्चित्कालका लागि निलम्बन गर्ने निर्णय गर्‍यो । यस विषयमा ट्रम्पले कारको समर्थन गर्दै उनलाई 'साहसी र राष्ट्रप्रेमी' व्यक्तित्वको रूपमा प्रशंसा गरेका छन् ।

तर, ट्रम्पका नजिकका सहयोगी टेक्सासका रिपब्लिकन सिनेटर टेड क्रूजले यसप्रकारको सरकारी हस्तक्षेपलाई अभिव्यक्ति स्वतन्त्रताका लागि खतरा भएको टिप्पणी गरे । उनले यो स्थितिलाई 'माफिया शैलीको धम्की' भन्दै आलोचना गर्दै सरकारले सञ्चारमाध्यममाथि नियन्त्रण गर्न खोज्नु गलत भएको बताए ।

अर्कोतर्फ, ट्रम्पले न्युयोर्क टाइम्सविरुद्ध दायर गरेको १५ अर्ब डलरबराबरको मानहानी मुद्दा संघीय अदालतले कानुनी आधार नपुगेको भन्दै खारेज गरेको छ । अदालतले उक्त मुद्दालाई 'राजनीतिक प्रेरित' र 'कानुनीरूपमा कमजोर' भएको ठहर गर्दै ट्रम्पको उजुरीलाई अस्वीकृत गर्‍यो ।

यस घटनाक्रमले प्रेस स्वतन्त्रता र सरकारको नियमनबीचको संवेदनशील सन्तुलनमा पुनः गम्भीर बहस सुरु गराएको छ । यहाँ एकातिर राष्ट्रपति ट्रम्प सञ्चारमाध्यमको आलोचना गर्दै आफूलाई असमान व्यवहार भोग्दै छन् भन्ने बताउँछन् भने अर्कोतिर अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्नुपर्ने आवश्यकता पनि जोड दिइएको छ । यो विषय अमेरिकामा र विश्वव्यापीरूपमा सञ्चार स्वतन्त्रता र राजनीतिक दबाबका बीचको द्वन्द्वलाई झल्काउने खालको बनेको छ । *रासस/एएफपी*

# युरोपेली विमानस्थलहरू 'साइबर अवरोध' बाट प्रभावित




**लण्डन (बेलायत)–** ब्रसेल्स, बर्लिन र लण्डनको हिथ्रोलगायतका प्रमुख युरोपेली विमानस्थलहरू शनिबार 'साइबर-सम्बन्धित अवरोध' बाट प्रभावित भएको जनाइएको छ । अवरोधले चेक-इन र ब्यागेज ड्रप प्रणालीलाई असर गर्दा सेवा प्रभावित भएको विमानस्थल सेवा प्रदायक कोलिन्स एरोस्पेसलाई उद्दृत गर्दै एएफपीले जनाएको छ ।

युरोपेली हवाई सेवा प्रदायकहरूले अवरोधको सामना गर्दा उडानमा ढिलाइ तथा उडान रद्द हुने चेतावनी दिएपछि 'एयरस्पेस फर्म'ले सम्बन्धित एयरपोर्टहरूका सफ्टवेयरमा साइबर-सम्बन्धित अवरोधको बारेमा सचेत भएको जनाएका छन् ।

अवरोध इलेक्ट्रोनिक ग्राहक चेक-इन र ब्यागेज ड्रपमा मात्र भएकाले 'म्यानुअल चेक-इन' अपरेसनद्वारा सेवा प्रवाह गर्न सकिने कोलिन्स एरोस्पेसले बताएका छन् । शुक्रबार राति 'साइबर आक्रमण'को चपेटामा परेपछि ब्रसेल्स विमानस्थलबाट कम्तीमा १० वटा उडानहरू रद्द गरिएको तथा अन्य १७ वटा उडानहरू ढिलाइ भएको विमानस्थलले जानकारी दिएको छ ।

ब्रसेल्समा म्यानुअल चेक-इन र बोर्डिङ सेवा सञ्चालन गरिएको थियो । शनिबार उडान गर्ने यात्रुहरूलाई एयरपोर्टमा जानुअघि एयरलाइन्ससँग सम्पर्क गरी उडानको स्थिति जाँच गर्न सूचना जारी गरिएको थियो ।

लण्डनको हिथ्रो एयरपोर्टमा भने चेक-इन र बोर्डिङ प्रणाली पनि 'प्राविधिक समस्या' बाट प्रभावित भएकाले 'उडानमा ढिलाइ हुन सक्ने जनाइएको थियो । बर्लिन विमानस्थलको वेबसाइटमा अवरोधका कारण 'युरोपमा चेक-इनमा यात्रुहरूलाई लामो समय प्रतीक्षा गर्नु परेको जानकारी दिएको छ । *रासस/एएफपी*

# 'इजरायलको धम्कीबाट विश्व समुदाय डराउनु हुँदैन'



**न्युयोर्क–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले इजरायलको धम्कीबाट विश्व समुदायलाई नआत्तिन आग्रह गरेका छन् ।

संयुक्त राष्ट्र मुख्यालयमा आयोजित एक अन्तर्वार्तामा महासचिव गुटेरेसले पछिल्लो समय इजरायलले कब्जा गरिरहेको पश्चिमी किनारको विषयमा गम्भीर चिन्ता व्यक्त गरे । उनका अनुसार, यो क्षेत्रको विस्तार अवैध हो र त्यसविरुद्ध अन्तर्राष्ट्रियस्तरमा स्पष्ट आवाज उठ्नुपर्छ ।

उनले भने, 'हामीले इजरायलको सम्भावित प्रतिशोधको डर मानेर चुप लाग्नु हुँदैन । यस्ता कार्यहरू रोक्न अन्तर्राष्ट्रिय दबाब आवश्यक छ ।'

गुटेरेसले गाजा क्षेत्रमा भइरहेको मानवीय संकटबार समेत गहिरो चिन्ता व्यक्त गरे । उनका अनुसार, गाजामा हाल देखिएको मृत्यु, भोकमरी, औषधिको अभाव र आश्रयको अभाव अत्यन्तै दुःखद र असह्य छ ।

'यो मेरो महासचिवको कार्यकालमा मात्र होइन, जीवनभर देखिएको सबैभन्दा भयावह मानवीय अवस्था हो,' उनले भने ।

उक्त सन्दर्भमा, फ्रान्सको पहलमा १० देशले संयुक्त राष्ट्रको आगामी महासभामा प्यालेस्टाइनी राज्यलाई मान्यता दिने तयारी गरिरहँदा इजरायलले त्यसको कडा विरोध जनाउँदै पश्चिमी किनारमा औपचारिकरूपमा कब्जा जमाउने चेतावनी दिएको छ । यसबारेमा गुटेरेसले भने, 'हामी यस्ता चेतावनीबाट नडराई अन्तर्राष्ट्रिय कानुन र मानवअधिकारको पक्षमा उभिनुपर्छ ।' *रासस/एएफपी*

# महिला र बालिकाका अधिकारमा १०६ देशको साझा प्रतिबद्धता

**संयुक्त राष्ट्रसंघ–** विगत ३० वर्षमा महिला र बालिकाको अधिकार र समानताका लागि अन्तर्राष्ट्रिय पहलअन्तर्गत, १०६ देशले १९१ प्रतिबद्धता जनाएका छन् । यी प्रतिबद्धताहरू सन् २०३० सम्म महिलाहरूको जीवनमा सुधार ल्याउन र समानताको लक्ष्य पूरा गर्न बनाइएका हुन् ।

संयुक्त राष्ट्र महिलाले शुक्रबार 'बिजिङ+३० प्राथमिकता कार्यसूची ड्यासबोर्ड' सार्वजनिक गरेको छ । यो डिजिटल प्लेटफर्मले विभिन्न देशहरूले लैंगिक समानताका लागि गरेका स्वेच्छिक प्रतिबद्धताहरूलाई एक ठाउँमा देखाउने काम गर्छ । यसले विश्वभरिका प्रतिबद्धताहरू कहाँसम्म पुगेका छन् भन्ने कुराको पनि जानकारी दिन्छ र जवाफदेहिता कायम गर्न सहयोग गर्छ ।

संयुक्त राष्ट्र महासभाको ८० औं अधिवेशनको उच्चस्तरीय सत्रको अगाडि विश्वले लैंगिक समानता शान्ति, न्याय र मानवअधिकारको आधारशिला भएको फेरि एक पटक पुष्टि गरेको छ । संयुक्त राष्ट्र महिलाकी कार्यकारी निर्देशक सिमा बहौसले भनिन्, 'महिला र बालिकाका अधिकारको पक्षमा देखाइएको यो सक्रिय प्रतिबद्धताले लैंगिक समानता विश्वलाई एकतामा बाँध्ने एक बलियो शक्ति हो र बहुपक्षवाद यसलाई साकार पार्न कटिबद्ध रहेको देखाउँछ ।'

दर्ता गरिएका प्रतिबद्धतामध्ये लगभग एकतिहाइले महिला र बालिकामाथि हुने हिंसा रोक्न जोड दिएको छ । यसका साथै ४६ देशले अन्तर्राष्ट्रिय सम्झौता र 'दिगो विकास लक्ष्य' लाई आफ्नो नीति र कार्यक्रमहरूमा समावेश गरेका छन् ।

अन्य प्रतिबद्धताहरूमा सामाजिक भेदभाव हटाउने, लैंगिक समानताका लागि आवश्यक बजेट वृद्धि गर्ने, तथ्यांक संकलन गर्ने, जवाफदेहिता कायम गर्ने र महिला अधिकारकर्मी तथा संघ-संगठनहरूसँग सहकार्य गर्ने विषयहरू समेटिएका छन् ।

सेप्टेम्बर २२ मा उच्चस्तरीय बैठक आयोजना गरिने छ । यो बैठकले ३० वर्षअघि भएको चौथो विश्व महिला सम्मेलनको सम्झनामा विश्वका नेताहरूलाई भेला पारेर उनीहरूलाई आफ्नो प्रतिबद्धताहरू पूरा गर्न जोड दिने छ । यस डिजिटल ड्यासबोर्डले देशहरूको प्रतिबद्धता अनुगमन गर्न, पारदर्शिता कायम गर्न र जवाफदेहिता सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास गरिएको छ । *रासस/सिन्ह्वा*

# गाजा सहरमा आक्रमण जारी, महिला र बालबालिका संकटमा



**संयुक्त राष्ट्रसंघ–** गाजा सहरमा जारी आक्रमणका कारण हजारौं नागरिकहरू आफ्नो ज्यान जोगाउन विभिन्न उपायबाट सुरक्षित स्थानतर्फ जाँदै गरेको संयुक्त राष्ट्रसंघले जानकारी दिएको छ ।

राष्ट्रसंघको मानवीय सहायता समन्वय कार्यालय (ओछ्) का अनुसार, यतिबेला गाजामा भइरहेका स्थल र हवाई आक्रमणका कारण धेरैजसो नागरिक गम्भीर संकटमा परेका छन् । बालबालिका, वृद्ध, महिलालगायत सबैले कठिन परिस्थितिको सामना गरिरहेका छन् ।

ओछ्ाले दिएको जानकारीअनुसार आक्रमणसँगै गाजाको दक्षिण भागतर्फ विस्थापित हुने नागरिकहरूको संख्या तीव्र रूपमा बढिरहेको छ । धेरैजसो मानिसहरू गाडी, टेम्पो, साइकल र पैदल नै यात्रा गर्दै सुरक्षित ठाउँ खोजिरहेका छन् । यस्ता यात्रामा उनीहरूलाई न त पिउने पानी, न त खानपिनको व्यवस्था, न त ओत लाग्ने ठाउँ उपलब्ध छ ।

'हामीकहाँ सहकर्मीहरूले रातभरि हिँडेर आइपुगेका थकित, भोकाएका र पीडामा परेका नागरिकहरू देखिएका छन्,' ओछ्ाले उल्लेख गरेको छ, 'अल-राशिद सडकमा गाडी, टेम्पो र पैदलयात्रीहरूको अत्यधिक चाप छ । सबैजना सम्भावित जोखिमबाट बच्न दक्षिणतर्फ गइरहेका छन् ।'

यद्यपि इजरायलीपक्षले सलाह अद-दिन सडक प्रयोग गर्न आग्रह गरेको थियो, सो सडक हाल सवारीसाधनका लागि चलायमान नरहेको जानकारी प्राप्त भएको छ । अल-राशिद सडक नै अहिले खुलामार्गको रूपमा प्रयोग भइरहेको छ ।

खान युनिस क्षेत्रमा ओछ्ा नेतृत्वको टोलीले विस्थापित परिवारहरूको अवस्था बुझ्दा उनीहरूलाई आपत्कालीन आश्रय, पोषणयुक्त खाना, सफा पिउने पानी र औषधोपचारको खाँचो देखिएको छ । गाजामा पुग्ने राहत सामग्री अहिले पनि आवश्यक मात्राभन्दा निकै कम छ ।

संयुक्त राष्ट्र बालकोष (युनिसेफ) ले गम्भीर चिन्ता व्यक्त गर्दै बिहीबार गाजा सहरमा कुपोषित बालबालिकाका लागि ल्याइएको विशेष पोषण सामग्री लुटिएको थियो । ती सामग्रीले झण्डै दुई हजार ७०० बालबालिकालाई उपचारमा सहयोग पुग्थ्यो । युनिसेफले यस्तो दुर्भाग्यपूर्ण घटनाबाट गम्भीर पीडा भएको जनाउँदै दीर्घकालीन युद्धविराम अत्यावश्यक भएको स्पष्ट पारेको छ ।

ओछ्ाले थप जानकारी दिँदै उत्तरतर्फ पुग्ने एकमात्र मार्ग 'जिकिम नाका' बन्द रहेको भनेको छ । गाजा सहरमा इन्धन पुर्‍याउने प्रयास अनुमति नपाएर रोकिएको थियो भने पछि बाटोमा अत्यधिक भीडका कारण सहयोग पुर्‍याउने गाडीहरू निर्धारित स्थानमा पुग्न सकेनन् ।

संयुक्त राष्ट्रसंघले सबै पक्षलाई आह्वान गर्दै सर्वसाधारण नागरिकहरूलाई सुरक्षितरूपमा विस्थापित हुन दिनुपर्ने भनेको छ र अवस्था सामान्य भएपछि उनीहरूलाई पुनः आफ्ना घर फर्कन पाउने अधिकार सुनिश्चित गर्नुपर्ने बताइएको छ । *रासस/सिन्ह्वा*

### रूसले भन्यो

## गाजामा शान्ति ल्याउन सबै पक्षले सहकार्य गर्नुपर्छ

**मस्को–** रुसले गाजा क्षेत्रमा जारी हिंसा र मानवीय संकट अन्त्य गर्न संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद् असफल भएकोप्रति गहिरो दुःख व्यक्त गरेको छ । उसले यो असफलताको मुख्य कारण संयुक्त राज्य अमेरिकाले पटक-पटक प्रयोग गर्दै आएको भिटो अधिकार भएको स्पष्ट पारेको छ ।

रुसको परराष्ट्र मन्त्रालयद्वारा जारी गरिएको वक्तव्यमा भनिएको छ, 'गाजा क्षेत्रमा जारी युद्ध, रक्तपात र सर्वसाधारण जनताको पीडा अन्त्य गर्न सुरक्षा परिषद्ले अहिलेसम्म कुनै ठोस निर्णय लिन नसक्नु अत्यन्तै दुःखद र निराशाजनक विषय हो ।'

बिहीबार सुरक्षा परिषद्का केही अस्थायी सदस्य राष्ट्रहरूले गाजामा युद्धविराम कायम गर्न, बन्धकहरूको सुरक्षित रिहाइ र मानवीय सहायता सहजरूपमा प्रवेश गराउन प्रस्ताव पेस गरेका थिए । सबै सदस्य राष्ट्रले सो प्रस्तावको समर्थन गरेता पनि संयुक्त राज्य अमेरिकाले सातौंपटक त्यसमा भिटो प्रयोग गरी पारित हुनबाट रोक लगायो ।

रुसले आफ्नो धारणा दोहोर्‍याउँदै भन्यो कि उसले इजरायल-प्यालेस्टाइन द्वन्द्वबारे सधैं स्पष्ट र सन्तुलित अडान लिएको छ । सन् २०२३ अक्टोबर ७ मा हमासद्वारा गरिएको आक्रमणको कडा शब्दमा निन्दा गर्दै पनि रुसले उल्लेख गर्‍यो,'उक्त घटना कुनै पनि हालतमा सम्पूर्ण प्यालेस्टिनी जनतालाई सामूहिकरूपमा दण्ड दिने बहाना बन्नु हुँदैन, न त यसलाई प्रयोग गरेर मध्यपूर्वमा झन ठूलो युद्ध फैलाउनु उपयुक्त ठहरिन्छ ।'

रुसले जोड दिँदै स्थायी शान्ति र सुरक्षा हासिल गर्न प्यालेस्टिनी जनताको वैध अधिकार र आकांक्षाहरूको सम्मान अनिवार्य रहेको जनाएको छ । जबसम्म यो प्रश्नको न्यायसंगत समाधान गरिँदैन, तबसम्म क्षेत्रीय स्थायित्व सम्भव छैन । *रासस/सिन्ह्वा*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २१६००० | प्रति तोला – ० | प्रति तोला – २५८० |

# २० अर्ब ७० करोड बराबरको बिमा दाबी

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा उत्पन्न विषम परिस्थितिका कारण भौतिक संरचनामा पुगेको क्षतिको हालसम्म रु २० अर्ब ७० करोड ३८ लाख १४ हजार ४८२ बराबरको बिमा दाबी भएको छ ।

जेनजी पुस्ताको आन्दोलनका क्रममा सरकारी तथा निजी भौतिक संरचनामा क्षति पुगेको छ । नेपाल बिमा प्राधिकरणका अनुसार विभिन्न १८ वटा निर्जीवन बिमा कम्पनीमा बिमा दाबी भएको छ । प्राधिकरणका अनुसार दि ओरियन्टल इन्स्योरेन्स कम्पनीमा कूल ४० वटा बिमा दाबी परेको छ । त्यसको कूल दाबी रु पाँच अर्ब १४ करोड ७९ लाख ६५ हजार बराबर छ ।

सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनीमा २५८ को रु चार अर्ब ९३ करोड २२ लाख ७९ हजार ५००, शिखर इन्स्योरन्स कम्पनीमा ३६६ वटा बिमा दाबी परेको छ। कूल दाबी भने रु दुई अर्ब ३९ करोड चार लाख ७७ हजार ७६४ रहेको छ। आइजिआइ प्रुडेन्सियल इन्स्योरेन्समा २४ वटा बिमा दाबी परेको छ। सो कम्पनीमा रु एक अर्ब ५९ करोड छ लाख ८० हजार ८०० बराबरको बिमा दाबी परेको प्राधिकरणले जनाएको छ ।

सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनीमा २३३ वटा बिमा दाबी छ । रु एक अर्ब ४७ करोड ५५ लाख ३१ हजार ६६६ बराबरको माग भइआएको छ । हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनीमा १९६ वटाको आवेदन पर्दा रु एक अर्ब १५ करोड ६२ लाख ८२ हजार ९७९ बराबरको बिमा दाबी परेको छ ।

नेको इन्स्योरेन्समा ४० वटाको रु एक अर्ब नौ करोड ५३ लाख ६५ हजार २०७ बराबरको माग भएको छ । सानिमा जिआईसीमा १२९ वटाको रु ७८ करोड ९३ लाख ७९ हजार बराबरको दाबी छ । राष्ट्रिय बिमा कम्पनीमा १७२ वटाको रु ४९ करोड ५१ लाख बराबरको बिमा माग भएको छ । युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडमा १७० वटाको रु ४८ करोड ७४ लाख ७५ हजार ३६०, नेपाल इन्स्योरेन्स कम्पनीमा ७९ वटाको रु ४६ करोड ९४ लाख ९८ हजार बराबरको बिमा दाबी परेको छ ।

एनएलजी इन्स्योरेन्स कम्पनीमा १५१ वटाको रु ३८ करोड ५८ लाख २२ हजार, प्रभु इन्स्योरेन्समा ६९ वटाको रु १९ करोड १८ लाख बराबरको बिमा दाबी भएको छ ।

नेशनल इन्स्योरेन्स कम्पनीमा १९ वटाको रु छ करोड ८२ लाख ९० हजार ७५६ बराबरको दाबी परेको छ । प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनीमा नौ वटाको रु एक करोड १३ लाख २२ हजार ८००, स्टार माइक्रो इन्स्योरेन्स कम्पनीमा छ वटाको रु ६७ लाख सात हजार ६५०, नेपाल माइक्रो इन्स्योरेन्स कम्पनीमा १५ वटाको रु ५६ लाख ३६ हजार, ट्रष्ट माइक्रो इन्स्योरेन्समा आठ वटाको रु ४२ लाख बराबरको बिमा दाबी भएको छ। प्राधिकरणका अनुसार हालसम्म एक हजार ९८४ वटा बिमा दाबी भएको छ ।

▸▸ नेपाल बिमा प्राधिकरणका अनुसार विभिन्न १८ वटा निर्जीवन बिमा कम्पनीमा बिमा दाबी भएको छ । प्राधिकरणका अनुसार दि ओरियन्टल इन्स्योरेन्स कम्पनीमा कूल ४० वटा बिमा दाबी परेको छ । त्यसको कूल दाबी रु पाँच अर्ब १४ करोड ७९ लाख ६५ हजार बराबर छ ।

नेपाल निर्जीवन बिमा व्यवसायी संघले आन्दोलनका क्रममा भएको क्षतिको दाबी भुक्तानी प्रक्रीया शीघ्र निष्कर्षमा पुऱ्याउन प्रतिवद्ध रहेको जनाएको छ । बिमा गरेका सवारी साधन तथा भौतिक संरचनाको क्षतिको यथार्थ विवरणसहित सम्वन्धित निकायमा प्रक्रियाअघि बढाउन संघले आग्रहसमेत गरेको छ ।

वर्तमान अवस्थामा बिमाको महत्व झनै बढेको सन्दर्भमा, बिमा कम्पनीले आफ्नो सामाजिक उत्तरदायित्व पूरा गर्दै बीमितको क्षतिपूर्तिका लागि आवश्यक प्रक्रिया तीव्र रूपमा अगाडि बढाइरहेको संघले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ । बीमित सम्पत्तिमा भएको क्षतिको यथाशीघ्र मूल्यांकन गरी, क्षति विवरणको आधारमा दाबी भुक्तानी प्रक्रिया शीघ्र निष्कर्षमा पुऱ्याउने संघले स्पष्ट पारेको छ ।

नेपाल निर्जीवन बिमा व्यवसायी संघले प्रेस विज्ञप्ति जारी गर्दै देशभर जारी आन्दोलनका क्रममा ज्यान गुमाएका प्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गरेको छ । आन्दोलनका क्रममा राष्ट्रपतिको भवन, संसद् भवन, सुरक्षानिकाय, प्रशासकीय संरचना, निजी सम्पत्ति, उद्योग, व्यापार, यातायातलगायतका भौतिक संरचनामा भएको क्षतिको गहिरो दुःख व्यक्त गर्दै संघले बिमा कम्पनीलाई यस संकटको समयमा दाबी भुक्तानीलाई प्राथमिकतामा राखेर काम गर्न मातहतका निकायमा आह्वान गरेको छ ।

संघका अध्यक्ष राजेन्द्र मल्लले बीमितले आफ्नो क्षतिको विवरणसहित आवश्यक कागजात चाँडो बिमा कम्पनीमा बुझाइ दाबी प्रक्रिया सहज बनाउन अपिल गरेका छन् । साथै, बिमा कम्पनीले पनि दाबी भुक्तानी प्रक्रिया छिटो टुङ्गोमा पुऱ्याउने उद्देश्यका साथ काम गरिरहेको अध्यक्ष मल्लले बताए ।

विसं २०७२ को भूकम्प र कोभिड महामारीपछिका अनुभवले बिमाको आवश्यकता र उपयोगितालाई गम्भीर रूपमा महसुस गराएको सन्दर्भमा, हालको परिस्थितिमा बिमा कम्पनीको सक्रियता सकारात्मक र आशाजनक देखिएको उनले बताए ।



**भन्सारमा गाडी |** नेपाल–चीन उत्तरी कोरला नाकास्थित चिनियाँ भन्सार कार्यालयमा ल्याइएका मालवाहक २० पांग्रे कन्टेनर र विद्युतीय सवारी । *तस्बिर : सुन्दरकुमार थकाली/रासस*

# धरान उपमहानगरले ल्यायो दुई अर्ब २० करोडको बजेट

■ प्रभाव संवाददाता

**धरान–** धरान उपमहानगरपालिकाले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेको छ । शनिबार १७औं नगरसभामा उपप्रमुख अइन्द्रविक्रम बेघाले आव २०८२/८३ का लागि रु दुई अर्ब २० करोड ७४ लाख ५९ हजारको बजेट प्रस्तुत गरे ।

बजेटको स्रोतमा आन्तरिक राजस्वबाट रु ८० करोड ५३ लाख ६५ हजार, संघीय सरकारबाट अनुदान रु ८९ करोड २९ लाख, प्रदेश सरकारबाट अनुदान रु सात करोड ७३ लाख ४४ हजार, राजस्व बाँडफाँटबाट रु ३४ करोड १८ लाख ५० हजार, सडक बोर्डबाट रु दुई करोड र गत वर्षको मौज्दातबाट रु सात करोड प्राप्त हुने अनुमान गरिएको छ ।

सहरी योजना तथा भौतिक पूर्वाधार विकासततर्फ रु ६६ करोड ९४ लाख, शिक्षा, युवा तथा खेलकुदतर्फ रु ४६ करोड ८५ लाख, स्वास्थ्यतर्फ रु छ करोड ९९ लाख ९५ हजार, सामाजिक विकासतर्फ रु चार करोड ८६ लाख ४५ हजार विनियोजन गरिएको छ ।

साथै आर्थिक विकासतर्फ रु एक करोड २९ लाख, वन वातवरण ऊर्जा तथा विपद् व्यवस्थापनतर्फ रु दुई करोड ७४ लाख ५० हजार, कानुन तथा न्याय सम्पादनतर्फ रु २० लाख, सार्वजानिक जग्गा संरक्षणतर्फ रु १५ लाख, राजस्व परिचालनतर्फ रु ४३ लाख र नगर भिजन कार्यक्रमतर्फ रु पाँच करोड पाँच लाख विनियोजन गरिएको छ । चालु आवका लागि धरानका २० वटा वडाका लागि रु २१ करोड विनियोजन गरेको छ ।

त्यसैगरी नगर कार्यपालिकातर्फ निःसर्त विनियोजन र एक अर्ब ३१ करोड ९२ लाख ८२ हजार, ससर्त अनुदानबाट रु ६० करोड ५६ लाख ७७ हजार, समपूरक बजेटबाट रु एक करोड ८२ लाख र विशेष अनुदानबाट रु पाँच करोड ४३ लाख विनियोजन गरिएको छ । नगरपालिकाले बजेटमा शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, सामाजिक विकास, विपद् व्यवस्थापनलगायतका क्षेत्रमा बजेट प्राथमिकता दिइएको उपप्रमुख बेघाले बताए ।

# वीरगञ्जले पुनर्निर्माणका लागि छुट्यायो ३० करोड

■ प्रभाव संवाददाता

**वीरगञ्ज (पर्सा)–** वीरगञ्ज महानगरले चालु आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजित गरिएको बजेट पुनःनिर्माणमा केन्द्रित गरेको छ । महानगरले गत भदौ २३ र २४ गते भएको 'जेनजी' प्रदर्शनका क्रममा भएको तोडफोड र क्षतिग्रस्त संरचनाको पुनःनिर्माणका लागि बजेट खर्च गर्ने भएको हो ।

यहाँ शनिबार आयोजना गरेको नगरसभाको २८औं विशेष अधिवेशनले पुनःनिर्माणसम्बन्धी प्रस्तावलाई सर्वसम्मत पारित गरेको जनाएको छ । जेनजी समूहले प्रदर्शनका क्रममा यहाँका भवन र सवारीसाधन तोडफोड र लुटपाट भएको थियो । वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंहले महानगरको संशोधित बजेट पेस गर्दै बजेटका प्राथमिकतासमेत परिवर्तन गर्नुपरेको बताए ।

महानगरको १७औं नगरपरिषद्ले यसअघि आव २०८२/८३ का लागि रु तीन अर्ब २२ करोड ४८ लाख ४९ हजारको बजेट विनियोजन गरेको थियो ।

विशेष अधिवेशनले बजेटमा भएका नगरस्तरीय पुँजीगत योजना, सामाजिक विकास कार्यक्रम तथा वडास्तरका योजनामा विनियोजन गरिएको रकमलाई पुनःनिर्माणतर्फ स्थानान्तरण गर्ने निर्णय गरेको छ । संशोधनपश्चात् करिब रु ३० करोड पुनःनिर्माणका लागि उपलब्ध हुने भएको छ ।

संशोधित बजेटले प्रशासनिक भवन निर्माण, सवारीसाधन खरिद, मेसिनरी उपकरण, ल्यापटप, कम्प्युटर, प्रिन्टर तथा फर्निचर खरिद, कार्यालय भवन मर्मत, गाडी भाडा, बिजुली बत्ती र अन्य आवश्यक सामग्री खरिदमा खर्च गर्ने प्रावधान गरेको छ ।

विशेष अधिवेशनले जेनजी प्रदर्शनका क्रममा काठमाडौंमा भएको प्रदर्शनमा प्रहरीको गोली लागेर मृत्यु भएका गरेका वीरगञ्ज महानगरपालिका वडा नं १२ का असहाब आलमको परिवारलाई रु पाँच लाख उपलब्ध गराउने प्रस्ताव पारित गरेको छ ।

# संखुवासभामा खसीबोकाको किनबेच



**संखुवासभा (प्रस)–** जिल्ला सदरमुकाम खाँदबारीमा दसैं नजिकिएसँगै दैनिक उपभोग्य वस्तुका साथै खसीबोकाको व्यापार सुरु भएको छ । किसानले गाउँ-गाउँबाट खसीबोका बिक्रीका लागि बजार ल्याउन थालेका छन् । वर्षभरि पालिएका खसीबोका बिक्री गरेर किसानले दसैं, तिहार जस्ता मुख्य चाडपर्वको खर्च टार्ने गर्दछन् । खाँदबारीमा शनिबार र बुधबार साताको दुई दिन साप्ताहिक हाट लाग्ने भएकाले खसीबोका बिक्रीका लागि यहाँ ल्याउने गरिएको किसान बताउँछन् ।

बजारमा माग बढी हुन थालेपछि खसीबोका बिक्रीमा समस्या नभएको किसानको भनाइ छ । खसीबोका पालन गर्ने किसानलाई जीविकोपार्जनका साथै दसैं, तिहार जस्ता चाडपर्व मनाउन सहज भएको छ । स्थानीय हाटबजारमा जीउँदो खसीबोका तौल गरेर बिक्री गरिन्छ । साप्ताहिक हाटबजारमा पुऱ्याएपछि खसीबोका बेच्न समस्या नभएको किसानले बताएका छन् । जिल्लाबाट काठमाडौंसहित देशका प्रमुख सहरमा यसअघिका दसैंमा जसरी नै यो वर्ष पनि खसीबोका लैजाने गरिएको यहाँस्थित पशु सेवा विज्ञ केन्द्रले जनाएको छ । खसीबोका किन्न व्यापारी आफैं किसानको घरघरमा पुग्न थालेपछि बिक्रीमा थप सहज भएको केन्द्रका प्रमुख हिमालय पोखरेलले बताए । जिल्लाबाट गतवर्ष दसैंमा करिब रु ७५ लाख बढीको खसीबोका बिक्री भएको प्रमुख पोखरेलले जानकारी दिए ।

यहाँका १० स्थानीय तहमध्ये सबैभन्दा बढी खसीबोका सदरमुकाम खाँदबारीमा बिक्री हुने गरेको उनले बताए । पछिल्लो समय माग बढेसँगै किसानले उत्पादन गरेका खसीबोका सोझै उपभोक्तासम्म पुग्न भएकाले जिल्लाका किसान उत्साहित भएका छन् ।

# ब्याज अनुदानका लागि १० करोड निकासा

**काठमाडौं (प्रस)–** सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान भुक्तानीका लागि अर्थ मन्त्रालयले नेपाल राष्ट्र बैंकलाई रु नौ अर्ब ८० करोड निकासा गर्ने निर्णय गरेको छ ।

अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयका अनुसार चालु आर्थिक वर्षको दोस्रो त्रैमासको सहुलियतपूर्ण कर्जाको ब्याज भुक्तानीका लागि छुट्याइएको रकम पहिलो त्रैमासमा निकासा गर्ने निर्णय मन्त्रिस्तरबाट भएको हो । 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०८२ बमोजिम चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रममा सहुलियतपूर्ण कर्जा ब्याज प्रयोजनका लागि दोस्रो त्रैमासिक अवधिमा विनियोजित रकमलाई कार्यक्रम संशोधनमार्फत पहिलो त्रैमासिक कायम गरी विगत सातवटा त्रैमासमा उपलब्ध गराइएको कर्जाको ब्याज अनुदान नेपाल राष्ट्र बैंकलाई सोधभर्ना उपलब्ध गराउन आज अर्थमन्त्रिस्तरीय निर्णय भएको छ', अर्थ मन्त्रालयद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ ।

नेपाल राष्ट्र बैंकले लामो समयदेखि बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान सरकारबाट पाउन सकेको थिएन । यो रकम निकासा भएसँगै कर्जा विस्तारका लागि थप सहज हुने अनुमान गरिएको छ । सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधिअनुसार कृषि तथा पशुपन्छी कर्जा रु पाँच करोडसम्म, महिला उद्यमशील कर्जा तथा स्टार्टअप उद्यम कर्जा रु २५ लाखसम्म उपलब्ध गराउन सक्ने व्यवस्था छ ।

त्यसैगरी वैदेशिक रोजगारबाट फर्केका युवा तथा शिक्षित युवा परियोजनाका लागि रु २० लाख बराबर सहुलियतपूर्ण कर्जा उपलब्ध गराइँदै आएको छ । प्राकृतिक विपद् पीडितको निजी आवास निर्माण कर्जाका रूपमा रु पाँच लाख बराबर कर्जा उपलब्ध गराउन सकिने व्यवस्था छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ